# परिच्छेद -एक

# शोध परिचय

## १.१ विषय-परिचय

लोक सहित्यका विविध विधा मध्ये एक महत्त्वपूर्ण विधाको रूपमा परिचित 'लोककथा' लोक र 'कथा' दुई शब्द मिलेर बनेको समस्त शब्द हो । लोककथा लोकको कथा हो । लोक जीवनमा मानव सभ्यताको सुरूवातसँगै श्रुति परम्परामा हुर्कदै आएको अर्थात् नेपाली जनजिब्रोमा झुण्डिएको एक मनोरञ्जनात्मक लोक साहित्यिक विधा लोककथाले नेपाली समाजमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । लोककथामा उखान-टुक्का तथा झर्रा शब्दहरूको मनग्गे प्रयोग हुनाको साथै आख्यान तत्त्वले पनि भरपूर स्थान ओगटेको हुन्छ ।

लोककथाको इतिहास मानव सभ्यताको इतिहाससँग गाँसिएको छ । ऐतिहासिक दृष्टिमा लोककथा अति प्राचीन र मनोरञ्जनात्मक विषय हो भने सैद्धान्तिक दृष्टिमा लोककथामा लोकमानस, कथारूप, पात्र वा चरित्र, सामान्य घटना, अभिप्राय र संघठन रहेका हुन्छन् । समग्रमा लोककथा लोकजीवनको सुख-दुःखको अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्ने एक सशक्त लोक साहित्यिक विधा हो । यसको विषयवस्तु यथार्थ धरातलदेखि काल्पनिक धरातलतर्फ उन्मुख हुनाले यसले मानव हृदयलाई मनोरञ्जन दिनका अतिरिक्त कौतुहल पैदा गराइदिन्छ भने यसले विविध नीति सन्देश समेत अभिव्यक्त गर्दछ । धादिङ्ग जिल्लाको क्षेत्र नं. ३ का लोककथाको सम्बन्धित प्रस्तुत अध्ययनले यहाँको लोककथा क्षमता र वैशिष्ट्यको पहिचान प्रस्तुत गरेको छ । वास्तवमा धादिङ्ग जिल्लाको क्षेत्र नं. ३ को विगत र वर्तमान बुझ्न र यस क्षेत्रमा भावी सम्भावनाहरुलाई निम्त्याउन प्रस्तुत अध्ययनले आफ्नै प्रकारको योगदान दिने देखिन्छ भने ज्ञानका क्षेत्र पनि लाभावन्दित हुने तथा

धादिङ्ग जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित लोककथाको अध्ययन पद्धतिमा विकास हुन जाने ठहर गरी यसलाई नै अध्ययन शीर्षक बनाएको हो । धादिङ्ग जिल्लाको क्षेत्र नं. २ का थुप्रै कथाहरु आजसम्म पनि प्रकाशित नभई जान जनजिभ्रोमा नै सिमित रहेको अवस्थालाई समेत विचार गरेर यहाँको जनजीवनसँग सम्बन्धित लोककथाहरु वाहिर प्रकाशित नभइरहेको अवस्थालाई ध्यानमा राखी यसै अध्ययन मार्फत यहाँको समाजको सम्बन्धित लोककथाहरुको वास्तविक पहिचान गर्ने प्रयास गरिएको हो र यसैलाई शोध शीर्षक भनी बनाएको छ ।

## १.२ समस्याकथन

लोक साहित्यको एउटा महत्त्वपूर्ण विधाको रूपमा छ लोककथा । यसले समाजका विविध पक्षको चित्रण गर्दछ । मानिसको जीवन सधैँ समान परिस्थितिमा रहँदैन । हाँसो र रोदन मानव जीवनको विशेषता हो । अतः मानिसले आ-आफ्नै परिवेशमा रहेर श्रुति परम्पराबाट हुर्काउदै ल्याएको लोककथाको अति महत्त्वपूर्ण स्थान छ ।

धादिङ जिल्ला लोक साहित्यमा निकै धनी छ । यति भएर पनि यहाँका विद्धत्वर्गहरूबाट लोक साहित्यको क्षेत्रमा कलम नचलाउनु अनि यस क्षेत्रमा लागेर कतैबाट शोधकार्य एवम् अध्ययन अनुसन्धान हुन नसक्नु नै एउटा प्रमुख समस्या हो । लोककथाको प्रचलन र परम्परा धादिङ जिल्लाको क्षेत्र नं. ३ मा निकै पुरानो भए तापनि त्यसका बारेमा विशेष रूपमा अध्ययन गर्ने कार्य यस अघि हुन सकेको देखिँदैन । धादिङ् जिल्लाको समग्र रूपमा यस अघिका अनुसन्धान कर्ताहरूले अनुसन्धान गरेतापनि क्षेत्र नं. ३ मा यसको कुनै विशेष अध्ययन भएको देखिँदैन । यस स्थितिमा प्रस्तुत अध्ययनका निम्न लिखित समस्याहरू रहेका छन् :-

(क) धादिङ जिल्लाको क्षेत्र नं. ३ मा के-कस्ता लोककथाहरू प्रचलनमा छन् ?

(ख) धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित लोककथाहरू के-कस्ता छन् ?

(ग) धादिङ जिल्लाको क्षेत्र नं. ३ का लोककथाहरू के-कसरी वर्गीकृत हुन सक्छन् ?

(घ) धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित लोककथाहरूका वैशिष्ट्य के हुन ? र तिनले त्यहाँको जनजीवनमा कस्तो भूमिका निर्वाह गरेका छन् ?

यिनै समस्यामा केन्द्रित रहेर प्रस्तुत अध्ययन गरिएको हो ।

## १.३ शोधकार्यका उद्देश्यहरू

धादिङ जिल्लाको क्षेत्र नं. ३ मा ‘लोककथा’ लोकजीवनको अभिन्न अंग बनेको छ । यहाँ प्रचलित लोककथाहरूका बारेमा चर्चा परिचर्चा गर्ने उल्लेखनीय कार्य अझै कतैबाट नभएको वर्तमान परिप्रेक्ष्यमा प्रस्तुत शोधकार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन् :

(क) धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित सबै प्रकारका लोककथाहरूलाई लिपिवद्ध गरी नेपाली लोक साहित्यमा पहिचान गराउनु ।

(ख) धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित लोककथाहरू संकलन गरी विभिन्न परिवेशमा ती कथाहरूलाई विविध आधारमा वर्गीकरण गर्नु ।

(ग) विभिन्न कोणबाट वर्गीकृत कथाहरूको विश्लेषण गरी तिनले नेपाली लोक साहित्यमा पुऱ्याएको योगदानको निरूपण गर्नु ।

(घ) धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित लोककथाहरूको प्राप्तिको केलाउदै तिनले त्यहाँको लोक जीवनमा खेलेको भूमिका पहिचान

गराउनु । यिनै उद्देश्य पूर्ति गर्ने उद्देश्यले प्रस्तुत अध्ययन कार्य गरिएको हो ।

## १.४ पूर्वकार्यको समीक्षा

वर्तमान परिवेशसम्म आइपुग्दा राष्ट्रिय रूपमा नेपाली लोककथाको अध्ययन विभिन्न क्षेत्रबाट भएको भए तापनि धादिङ् जिल्लाको क्षेत्र नं. ३ लाई नै केन्द्रबिन्दु बनाएर लोककथाको बारेमा छुट्टै अध्ययन-अनुसन्धान भएको छैन । लोककथा संकलन र अध्ययन गर्ने सन्दर्भमा विभिन्न संकलन कर्ता, लेखक तथा अन्वेषकहरूले समग्ररूपमा गरेको पूर्वकार्यको समीक्षा तल प्रस्तुत गरिएको छ :-

बोधविक्रम अधिकारीले नेपाली दन्त्यकथा संग्रह (१९९६) भन्ने पुस्तक प्रकाशन गरी तिनको महत्व देखाउनुको साथै वास्तवमा लोककथा श्रुतिकथन परम्पाामा आधारित हुने हुँदा यसलाई दन्त्इकथा पनि भन्ने गरिन्छ भन्दै लोककथाको चिनारी गराएका छन् । लोककथाको सैद्धान्तिक आधार तयार गर्दा यो पनि सहयोगी सामग्रीको रुपमा रहन सक्छ ।

ललितपुर सिजापतिले नेपालका लोककथा (२०२४) नामक पुस्तक प्रकाशन री विविध समारोह, चाडपर्व, परम्परा झल्काउने लोककथाहरु सङ्कलन गरी लोककथा विभिन्न पौराणिक ग्रन्थहरुको समेत प्रभावमा परी रचना गरिएको हुन्छ । हामी त्यस्ता कथित घट्ना वा कथावस्तुलाई लोककथा भन्दछौं भनी लोककथाको चिनारी गराएका छन् । लोककथाको अध्ययनमा सैद्धान्तिक आधार तयार पार्न यो पुस्तक सहयोगी हुन पुग्छ ।

वासुदेब त्रिपाठीले विचारण (२०२८) नामक पुस्तक प्रकाशन गरी वास्तवमा लोककथा आदिम मान्छेको स्मारक निशानी हो र यसलाई हामी प्रेमसाथ पुस्ता-पुस्ता आफ्ना सम्झनामा सुरक्षित पार्दै आएका छौं भनी लोककथाको परिचय गरिएका

छन् । लोककथाको अध्ययन सामग्रीको रुपमा यसलाई पपनि लिइएको छ । कृष्णदेव उपाध्यायले लोकसाहित्यको भूमिका (१९७७) भन्ने पुस्तक प्रकाशन गरी लोककथा भनेको जीवनका सुख-दु : ख उकाली-ओराली, घाम छाया, हारजित, घटना-दुर्घटना आदिबाट गुज्रदै मान्छेले सृष्टिकाल देखि वर्तमान समयसम्मको यात्रा पूरा गरेको छ । यसरी परम्परासँग जोडिएको लोकमानसको तत्व वोकेको मौखिक कथा नै लोककथा हो भन्ने लोककथाको परिचय गराएका छन् । लोककथाको अध्ययनका निमित्त सहयोगी पुस्तकका रुपमा यसलाई पनि लिइएको छ ।

तुलसी दिवसले 'नेपाली लोककथा' केही अध्ययन (२०३२) नामक पुस्तकमा नेपालका विभिन्न जिल्लामा प्रचलित १२२ वटा लोककथाहरू संकलन गरी तिनको महत्त्व देखाउनुका साथै वास्तवमा लोककथा मानवजीवनको विस्तृती एवं विविधतालाई काल र स्थान अनुरूप समाहित गरी विगतका अवसर संरक्षित गर्ने आफैमा सानो सङ्ग्रहालय भएकाले मानव सभ्यता तथा संस्कृतिका विभिन्न चरणहरूको ऐतिहासिक विकास एवं वा भौतिक विभेदको उत्राक्रम अध्ययन तथा अन्वेषण गर्ने सर्वसुलभ, सर्वग्राही मनोरम साधन हो भनी लोककथालाई चिनाएका छन् । लोककथाको सैद्धान्तिक आधार तयार पार्दा प्रस्तुत कृति सहयोगी समाग्रीक रुपमा रहन सक्छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोक साहित्यको विवेचना (२०४१) नामक पुस्तकमा लोककथाको प्रचलन, विकास र विशेषता उल्लेख गर्दै लोककथाको मतलव हो आफ्नो वर्णनात्मक भनाईद्वारा लोकलाई मजादिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको घतिलो रचना हो भनी लोककथाको परिचय गराएका छन् ।

यस कृतिमा धादिङ्ग जिल्लाका लोककथाको सङ्कलन छैन तापनि लोककथाको सैद्धान्तिक स्वरुप स्पष्ट पार्दा प्रस्तुत कृति सहयोगी हुनसक्छ ।

मोतीलाल पराजुलीले 'नेपाली लोककथाका अभिप्रायको अध्ययन' (२०५४) विद्यावारिधि शोधप्रबन्धमा लोककथा भनेको मानव मनको सुख-दुःखका कल्पना र भावलोकका रूखा-सुखा घटनाहरूका प्राचीन कथात्मक अवशेषहरू जो मनोरञ्जन-पूर्ण कलात्मक भाषामा प्रयोग गर्दै आएका छन् । तिनलाई लोककथा भनिन्छ भनेर लोककथाको चिनारी गराएका छन् । यो कृति लोककथाका अभिप्रायहरुको अध्ययन गर्दा सहयोगी सामग्री हुनेछ ।

लोककथाको जीवेन्द्रदेव गिरीले अवलोकन (२०५७) नामक पुस्तक प्रकाशन गरेका छन् र लोककथामा अवश्य नै तत्कालीन परिवेशको छाप परेको हुन्छ तर त्यहाँका प्रतीक र सूत्रहरू पहिल्याएर यथार्थको नजिक पुग्न सकिन्छ भनेर परिभाषा गरेको छन् ।

चूडामणि बन्धुले 'नेपाली लोक साहित्य (२०५८) नामक पुस्तक प्रकाशन गरी लोककथाहरू एकादेशमा भनी शुरू गरी थालिन्छ र श्रोतमा वास्तविक जगत्भन्दा भिन्न लोकको निर्माण गरिन्छ भनेर लोककथालाई चिनाएका छन् । लोक जीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन भनेका छन् । प्रस्तुत कृति सैद्धान्तिक पक्ष निर्माणका निम्ति सहयोगी सामग्री हुन सक्छ ।

मोहनराज शर्मा र खगेन्द्र लुइटेलले 'लोकवार्ता विज्ञान र लोक साहित्य ( २०६३) भन्ने पुस्तकमा लोककथा लोक साहित्यको अत्यन्त प्राचीन विधा हो । कथा भन्ने र सुन्ने प्रचलन आदिम मानिसको आदिम प्रवृत्तिका रूपमा देखापर्छ भनेर लोककथाको चिनारी गराएका छन् ।

माथिका यी सत्प्रयासले यस लोककथाका बारेमा चर्चा गरे पनि धादिङ जिल्ला क्षेत्र नं. ३ मा प्रचलित लोककथाहरूका बारेमा चर्चा गरेको पाइदैन र त्यसैले

प्रस्तुत शोध कार्यमा धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित लोककथाहरूको विशद चर्चा गरिएको छ ।

## १.५ शोधको औचित्य

धादिङ जिल्लाको क्षेत्र नं. ३ मा अधिकारिक रूपमा 'लोककथा' सम्बन्धी शोधकार्य नभएको वर्तमान अवस्थालाई मध्यनजर गर्दा यो शोधकार्य स्वतः औचित्यपूर्ण छ । यस शोधले धादिङ जिल्लाको क्षेत्र नं. ३ को लोकविश्वास, रीतिस्थिति, रूढिपरम्परा, सामाजिक, आर्थिक अवस्थाको चित्रण गरेको हुँदा यसको औचित्य देखिन आएको छ । यसरी जनजिब्रोमा सीमित लोककथा संकलन, वर्गीकरण हुनु विशेष महत्त्वको छ । यस कार्यले लोककथामा अभिरूचि राख्ने लोक साहित्यका पाठक तथा लोककथामा शोध गर्न चाहने विद्यार्थी एवं समीक्षा गर्न चाहने समीक्षकहरूलाई पनि सहयोग पुऱ्याउन सक्ने हुँदा यसको औचित्य छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

लोककथाको क्षेत्र व्यापक छ । क्षेत्रीय रूपमा यसको अध्ययन हुन लागेकोले यस शोधको क्षेत्र धादिङ जिल्लाको क्षेत्र नं. ३ मा पर्ने धुनिवेशी क्षेत्र भन्नाले जीवनपुर, छत्रेदेउराली, नौविसे, थाक्रे गा.वि.स. हरूलाई मात्र आधार मानी लोककथाको संकलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.७ सामग्री संकलन र लेखन विधि

यस शोधपत्रको सामग्री संकलन शोध पत्रको सीमाङ्कन गरिएको क्षेत्रमा गएर लोककथाका विषयमा विशेष रूचि राख्ने व्यक्ति, बुढापाकाहरूसँग गएर प्रत्यक्ष भेटघाट गरिएको छ । शोधलाई मूर्तरूप दिन विभिन्न किसिमका सैद्धान्तिक एवं प्रायोगिक विधिहरू अवलम्वन गरिएको छ । आवश्यक शैक्षिक सामग्रीहरू संकलन गर्न पुस्तकालय विधिको प्रयोग गरिएको छ भने कथावाचकहरूसँग कथा टिप्ने जस्ता

कार्य गरिएको छ । यसका अतिरिक्त लोक साहित्य र लोककथाका बारेमा लेखिएका पुस्तकहरू तथा पत्रपत्रिकाहरूको सहयोग लिइएको छ । संकलित सामग्रीहरूको गहन अध्ययन गरी विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

शोधकार्यको निमित्त लिइएको समस्या र त्यसका विषय हरूलाई दृष्टिगत गरी प्रस्तुत शोधपत्रको रूपरेखालाई विस्तृत रूपमा विभाजन गर्दा परिच्छेदमा विभाजन गरिएको छ ।

**परिच्छेद एक** :- शोधपत्रको परिचय

**परिच्छेद दुई** :- लोककथा सैद्धान्तिक पृष्ठभूमि

**परिच्छेद तीन** :- धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित नेपाली लोककथाको वर्गीकरण र विश्लेषण

**परिच्छेद चार** :- लोककथाको संकलन र विश्लेषण

**परिच्छेद पाँच** :- उपसंहार

**सन्दर्भ सूची**

# परिच्छेद-दुई

# लोककथाको सैद्धान्तिक पृष्ठभूमि

## २.१ परिचय

लोककथा लोक साहित्यको विभिन्न विधाहरूमध्ये एक प्रमुख लोकप्रिय विधा हो । यो विधा परापूर्व कालदेखि नै लोक जीवनको अभिन्न अङ्गको रूपमा स्थापित भएर रहेको छ । यसलाई लोककथा, दन्त्यकथा जस्ता नामले पुकार्ने गरिएको पाइन्छ । यो लोकको अमूल्य साहित्यक निधि, नैतिक शिक्षा र मनोरञ्जन प्रदान गर्ने साधन हो । यो लिखित साहित्य नभएर मौखिक परम्परामा प्रचलित साहित्य हो । यो एक व्यक्तिबाट अर्को व्यक्ति, एक पुस्ताबाट अर्को पुस्ता हुँदै जीवित रहेको हुन्छ । विशेष गरेर ग्रामीण क्षेत्रका अशिक्षित वर्गले यसको प्रयोग गरेको पाइन्छ ।

लोककथा मौखिक साहित्य भएकोले यसको लागि वक्ता र श्रोता हुनु अनिवार्य हुन्छ । यसलाई जुनसुकै स्थान, वर्ग, लिङ्ग र उमेरका मानिसले सुन्न र सुनाउन सक्छन् । सुन्ने व्यक्ति र सुनाउने व्यक्तिको इच्छा भएमा खेतबारीमा काम गर्दा बुढापाकाहरूले आफ्ना छोराछोरी, नाति, नातिनीहरूलाई अँगेनाको डिलमा बसेर वा ओछ्यानमा पल्टेर जहाँ जहिले पनि लोककथा सुन्न, सुनाउन सकिन्छ । यसमा मानवीय र मानवेन्तर दुवै खाले पात्रहरू प्रस्तुत गरिएको हुन्छ । यसमा मानवीय र मानवेत्तर पात्रहरू समेत आपसी संवादमा संलग्न भएको पाइन्छ । लोककथामा जीवनको यथार्थ भन्दा धर्म, संस्कार, रूढिवादी परम्परा काल्पनिकतालाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको हुन्छ ।

## २.२ लोककथाको परिभाषा

लोककथा सम्बन्धी माथिको संक्षिप्त परिचयका आधारमा यसको सामान्य जानकारी भइसकेकाले यहाँ यसको परिभाषा प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । हुन त लोककथाको स्पष्ट र अधिकारिक परिभाषा दिन अप्ठ्यारो भए तापनि नेपाली लोक साहित्यका अध्येताहरूले विभिन्न समयमा आ-आफ्नै तरिकाले नेपाली लोककथाको परिभाषा दिएका छन् । अत : तिनै अध्यताहरूले दिएका छन् । अत : तिनै अध्येताहरूले दिएका परिभाषाहरूलाई तल प्रस्तुत गरिएको छ ।

(क) लोककथा भनेको परम्परादेखि मौखिक रूपमा चलिआएको कथा हो । भनेर नेपाली शब्दकोमा उल्लेख गरिएको छ । (शब्दकोष २०४०:१८९)

(ख) नेपाली लोक साहित्यका अध्येताद्वय जनकवि केशरी धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार लोककथाको मतलव हो आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजादिने पाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको धतिलो रचना हो भनी लोककथा चिनाइएको छ । (थापा र सुवेदी, २०४१ : ३१९)

(ग) तुलसी दिवसले लोककथाको परिभाषा गर्दै वास्तवमा लोककथा मानव जीवनको विस्तृति एवं विविधतालाई काल र स्थान अनुरूप समाहित गरी विगतका अवसर संक्षिप्त गर्ने आफैमा सानो सङ्ग्रहालय भएकाले मानव सभ्यता तथा संस्कृतिका विभिन्न चरणहरूको ऐतिहासिक विकास एवं भौतिक विभेदको यात्राक्रम अध्ययन तथा अन्वेषण गर्ने सर्वसुलभ सर्वग्राही मनोरम साधन हो भनेका छन् । (दिवस, २०३२ :१)

(घ) मोहनराज शर्मा र खगेन्द्र लुईटेलले लोककथा लोक साहित्यको अत्यन्त प्राचीन विधा हो । कथा भन्ने र सुन्ने प्रचलन आदिम मानिसको आदिम प्रवृत्तिका

रूपमा देखापर्छ । (शर्मा र लुइटेल, २०६३ : ११) भन्दै लोककथालाई परिभाषित गरेका छन् ।

(ङ) मोतीलाल पराजुलीले लोककथा भनेको मानव मनका सुख दुःख कल्पना र भावलोकका रूखा-सुखा घट्नाहरूको प्राचीन कथात्मक अवशेषहरू जो मनोरञ्जनपूर्ण कलात्मक भाषामा प्रयोग गर्दै आएका छन् । (पराजुली, ( २०४९ . १२) भनी लोककथालाई चिनाएका छन् ।

(च) चूडामणि बन्धुले लोककथाहरू एकादेशमा वा परापूर्वकालमा भनी थालिन्छन् र श्रोताहरूमा वास्तविक जगतभन्दा भिन्न लोकको निर्माण गरिन्छ । ( बन्धु, २०५८ : २८४) । भनी लोककथाको परिभाषा गरेका छन् ।

(छ) जीवेन्द्रदेव गिरीले लोककथामा अवश्य नै तत्कालीन परिवेशको छाप परेको हुन्छ । तर त्यहाँका प्रतीक र सूत्रहरू पहिल्याएर नजिक पुग्न सकिन्छ । ( गिरी, २०५६ : २४) भन्नदै लोककथाको परिचय दिएका छन् ।

यसरी विभिन्न विद्वान्हरूको परिभाषालाई विचार गर्दा लोककथा मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको पाइन्छ, विभिन्न काल्पनिक घटनाहरूलाई कथावस्तु बनाएको पाइन्छ । लोककथाका सुख -दुःखको अनुभूतिलाई प्रभावकारी रुपमा अभिव्यक्त गर्ने मौखिक परम्पराका लोककथा वाँचेको हुन्छ । लोकजीवनको सुख-दुःख, आँसु, हाँसो तथा समय-समयको घात प्रतिघात केहि प्रतिकको रुपमा लोककथा रहेको पाइन्छ । ग्रामिण समाजका मनका पिर, वेदना, छटपटी, उत्साह आदि लोककथामा समेटिएको पाइन्छ ।

## २.३ लोककथाको विशेषताहरू

लोककथा जनसाधारणको लोकप्रिय साहित्य हो । यसले मानिसलाई नैतिक शिक्षा र मनोरञ्जन प्रदान गर्न सहयोग गर्छ । मौखिक परम्परामा जीवन्त रहने लोककथाका आफ्नै विशेष पहिचान र विशेषताहरू हुन्छन् । यी विशेषहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :-

### २.३.१ अज्ञात रचनाकार

लोककथा व्यक्ति विशेषको सृजना नभइकन लामो श्रुतिकथन परम्पराको उपज हो । यही कारणले रचनाकार अज्ञात रहनु लोककथाको प्रमुख विशेषता हो ।

### २.३.२ सरलता एवम् सम्प्रेष्यता

लोककथाको भाषाशैली सरल र सम्प्रेष्य रहेको हुन्छ । ग्रामीण समाजका अपहेलित व्यक्तिहरू र केटीकेटीहरूले यस्ता कथाहरू अधिक मात्रामा सुन्ने सुनाउने गरेको पाइन्छ । त्यसैले यसका कथावस्तुहरू सजिलैसँग बुझ्नको लागि वाचकले सरल एवम् सम्प्रेष्य भाषाशैलीको प्रयोग गरेर प्रस्तुत गरेको हुन्छ ।

### २.३.३ पुनर्जन्मको कल्पना

लोककथामा पुनर्जन्मको बारेमा कल्पनाको बाहुल्यता पाइन्छ । यस तारतम्यलाई परिवर्तनको संकेतका रूपमा पनि लिन सकिन्छ ।

### २.३.४ उपदेशात्मकता

लोककथामा विभिन्न घटना र सन्दर्भहरू जोडेर श्रोताहरूलाई उपदेश दिने प्रयत्न गरिएको हुन्छ । प्राय : लोककथाहरूमा नैतिक शिक्षा दिने व्यवहार कुशल र मानिसलाई चतुर बनाउने प्रयत्न गरिन्छ । पहिले-पहिले आधुनिक शिक्षाको अभावका

बेला आफ्ना सन्ततीहरूलाई चतुर र नैतिकवान बनाउने उद्देश्यले बुढापाकाहरूले यस्ता कथाहरू सुनाउने चलन थियो ।

### २.३.५ हास्य-व्यङ्ग्य

नेपाली लोककथामा हास्य-व्यङ्ग्य पनि प्रशस्त पाइन्छ । हास्यौलीका रूपमा कथाको निर्माण गरी सामाजिक कुरीति र कुभावनाहरूलाई धारिलो व्यङ्ग्य गर्नु पनि यसको विशेषता हो ।

### २.३.६ कल्पनाको प्राचुर्य

लोककथा कल्पनाको उपज हो । यसमा कल्पनाकै प्राचुर्य रहन्छ । नेपाली लोककथामा यथार्थलाई पनि कल्पनाको आधारमा तिलस्मी र रोचक बनाइन्छ ।

### २.३.७ ऐतिहासिकता

लोककथामा इतिहासदेखि लिएर विभिन्न समयका वीर पुरुषहरूका बारेमा वर्णन गरिएको पाइन्छ । ऐतिहासिक, धार्मिकदेखि लिएर देवताको उत्पति सम्मका लोककथाले  समेटेको हुन्छ ।

### २.३.८ भाग्यवादी प्रवृत्ति

लोककथामा भाग्य सम्बन्धी विश्वास गरिएको हुन्छ । यसमा कर्म गरे फल मिल्छ भन्नु भन्दा पनि भाग्यमा लेखिएको पाइन्छ भन्ने कथन माथि विश्वास गरिन्छ । यस्ता कथामा भाग्यमा हुनेले जाडोमा दुध दोए पनि हुन्छ भन्ने विश्वास गरिन्छ ।

### २.३.९ मनोरञ्जनात्मकता

लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । लोककथाहरूद्वारा लोकलाई मनोरञ्जन दिँदै मानिसहरूले आफ्नो थकाई बिर्सेर त्यतैपट्टि ध्यान दिन्छन् ।

लोककथामा श्रोताहरूलाई मनोरञ्जन दिन पशुपात्रहरूलाई मानवीय भाषामा बोलाइएको हुन्छ । पशु र मानवका एक आपसमा सम्वाद गराइएको हुन्छ । यो सुनेर मानिसहरू मनोरञ्जन लिन्छन् ।

### २.३.१० मौखिक परम्परा

लोककथा अलिखित साहित्य हो । लोककथामा कथ्य भाषाको प्रयोग हुन्छ र यो मौखिक परम्परामा चलेको हुन्छ । परापूर्वकालदेखि लेख्य रूपमा नभई भन्ने र सुनाउने चलन रही एक पुस्ताबाट अर्को पुस्तामा हुँदै लोककथा हुर्कने र विकसित हुने काम गरिएको छ । यसरी लोककथामा विशेषताहरु वाहेक ऐतिहासिक, सामाजिक, धार्मिक प्रवृति, भाग्यवादी दृष्टिकोण, अन्धानुकरण जस्ता विशेषताहरु पनि उल्लेखित छन् । मौखिक परम्परामा यत्रतत्र फैलिने हुनाले वास्तवमा लोककथा गतिशील हुन्छ । लोककथा कुनै एक ठाउँमा मात्र सिमित नरहि व्यापक रुपले फैलिन्छ । नैतिक शिक्षा र सुधारात्मक सन्देश दिनुका साथै सकारात्मक र नकारात्मक अर्थवोध गराउनुपनि लोककथाको विशेषता हो । भूतप्रेत, राक्षस। देवीदेवता सम्बन्धि कथाहरुले नैतिक उपदेश वोकेको पाइन्छ । मानव जीवनको सक्षम र स्वभाविक पक्षसँग सम्बन्धित रहेर लोककथाहरु प्रस्तुत गर्दछन् । आमाको छोराको प्रेम, पतिपत्तिनीको प्रेम आदि पक्षमा लोककथाहरु बनेको पाइन्छ । मानव जीवनका स्वभाविक मनोवृति लोककथामा देखाएको पाइन्छ । लोककथाका यस्ता समग्र विशेषताहरु उल्लेख गर्न असम्धव हुनाले प्रमुख विशेषताह सारांसमा लेखिएको छ ।

## २.४ लोककथाका तत्त्वहरू

लोककथा लोककथाको भावात्मक अभिव्यक्ति हो । यो लोकको ढुकढुकी हो । फुर्सदको बेलामा मनोरञ्जन दिने उद्देश्यले सुन्ने र सुनाउने चलन छ । यस्ता

लोककथाहरूमा अन्तर्निहित तत्त्वहरूले गर्दा नै सवल, पुष्ट, लोकप्रिय जीवन्त विधाको रूपमा स्थापित गर्न सफल भएको छ । लोक कथाका तत्त्वहरूको चर्चा निम्न अनुसार गर्न सकिन्छ ।

### २.४.१ कथानक

लोककथाको प्रमुख तत्त्व नै कथानक हो । कथाको विषयसँग सम्बद्ध घटनाहरूको योजनाबद्ध प्रस्तुति नै कथानक हो । लोककथामा काल्पनिक र यथार्थ दुवै कथानक हुन सक्छन् । लोककथाका विषयका रूपमा जीवनका सुख दुःखका सन्दर्भहरू, प्रेम, शूरता, वीरताका सन्दर्भहरू हुन सक्छन् । लाककथाको कथानक भित्र अभिप्राय र कथानक रूप शूक्ष्म तत्त्वका रूपमा आएका हुन्छन् । लोककथा प्राय : आरम्भ, विकास र अन्त्यको संरचनामा देखिन्छ । लोककथा सुखान्तकमा उडिन्छ तर कुनै दुखान्तक पनि हुन्छ ।

### २.४.२ पात्र

लोककथामा मानवीय र मानवेतर पात्रहरूको साथै अन्य असल र खराब, पुरुष महिला, बालक, वृद्ध जस्ता पात्रहरू रहेका हुन्छन् । लोककथामा अलौकिक पात्रहरूको प्रयोग पनि यथेष्ट मात्रामा पाइन्छ ।

### २.४.३ परिवेश

लोककथाका लागि परिवेश महत्त्वपूर्ण तत्त्व भनिन्छ । लोककथामा पौराणिक र ऐतिहासिक सन्देशका परिवेशको प्राय : उल्लेख पाइन्छ । यी परिवेशहरूमा तत्कालीन समय र समाजका सन्दर्भहरूको चर्चा पाइन्छ ।

### २.४.४ उद्देश्य

लोककथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु नै हो तर पनि नैतिक शिक्षा प्रदान गर्ने, समाज र व्यक्तिलाई सुधारतर्फ लाग्ने प्रोत्साहन दिने साथै सधैँ सत्यको जित देखाउने जस्ता उद्देश्य लोककथामा रहेको हुन्छ ।

### २.४.५ भाषा

लोककथामा सरल, सहज र सम्प्रेषण लोकभाषाको प्रयोग गरिन्छ । लोककथा ग्रामीण जनजीवनको झलक भएकोले यसमा विशुद्ध ग्रामीण लोककथाको प्रयोग गरिन्छ । जसले गर्दा अपठित मानिसहरूले सजिलै बुझ्छन् । मनोरञ्जन त लिन सक्छन् ।

### २.४.६ शैली

लोककथाको महत्त्वपूर्ण तत्त्वको रूपमा शैलीलाई लिन सकिन्छ । सबै लोककथाहरू सुरुवातमा एकादेशबाट सुरु भएर अन्तमा पनि 'सुन्नेलाई सुनको माला जस्ता कथन राखिएको हुन्छ । रोमाञ्चकता सबै लोककथाका साझा शैली हो । एउटै कुरा बारम्बार दोहोरिएर आएका क्रमसम्बद्धगात्मक शैली हुन्छ ।

### २.४.७ अभिप्राय

अभिप्राय भन्नाले नेपाली लोककथामा देखिएका विभिन्न आश्चर्यहरू समेटिएका हुन्छन् जसले लोककथाहरूलाई बढी रोचक र काल्पनिक बनाएका हुन्छन् । साहित्यिक कृतिमा बारम्बार दोहोरिने घट्ना, सन्दर्भ, सूत्र आदि नै अभिप्रायहरु हुन् ।

## २.५ लोककथाको वर्गीकरण

लोककथाको अध्ययनमा वर्गीकरणलाई पनि निकै महत्त्व दिइन्छ । यसको विषय क्षेत्र निकै फराकिलो छ । यसको विषय क्षेत्र निकै फराकिलो हुँदाहुँदै पनि यसको अध्ययन गर्नका लागि वर्गीकरण गर्नु आवश्यक छ । यसको वर्गीकरण गर्ने परम्परा बिसौं शताब्दीमा कथाहरूको अध्ययन हुन थाले पनि भएको पाइन्छ । लोककथाको क्षेत्रमा लोककथालाई वर्गीकरण गर्दा समय, स्थान, आकारप्रकार आदि निश्चित गरिएको हुँदैन । विभिन्न समयका विभिन्न विद्वान्‌हरूले लोककथाको वर्गीकरण गर्ने परम्परा बिसौं शताब्दीमा कथाहरूको अध्ययन हुन थालेपछि भएको पाइन्छ । यिनै विद्वान्‌हरूले वर्गीकरणलाई आधार मानेर लोककथाको वर्गीकरण निम्न अनुसार गर्न सकिन्छ । भारतीय विद्वान डा. कृष्णदेव उपाध्यायले लोककथालाई ६ भागमा विभाजन गरेको छन् । (१) उपदेश कथा (२) व्रतकथा (३) प्रेमकथा (४) मनोरञ्जनकथा (५) सामाजिक कथा (६) पौराणिक कथा । तुलसी दीवसले १० भागमा विभाजन गरेका छन् । (१) सांस्कृतिक ऐतिहासिक लोककथाहरू (२) अर्ती उपदेशका कथाहरू (३) पशुपंक्षीका कथाहरू (४) मानवका विशेष स्वभावका कथाहरू (५) अतिमानवीय रूपका लोककथाहरू (६) दैवी लोककथाहरू (७) फलफूलका लोककथाहरू (८) धार्मिक लोककथाहरू (९) साहस र वहादुरीका लोककथाहरू (१०) विभिन्न लोककथाहरू ( दिवस २०३२ :) । लोककथाका अध्येता प्रा.डा. मोतीलाल पराजुलीले ४ भागमा वर्गीकरण गरेका छन् । (१) पौराणिक लोककथा (२) ऐतिहासिक लोककथा (३) सामाजिक लोककथा (४) अतिमानवीय लोककथा ( पराजुली २०४९ : १३)

यी विभिन्न विद्वान्‌हरूको वर्गीकरणलाई आधार मानेर लोककथालाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

### २.५.१ पौराणिक लोककथा

पौराणिक लोककथामा पुराण, रामायण, महाभारत आदि विषयसँग सम्बन्धित कथाहरू पर्दछन् । यस्ता कथाहरूले श्रोतालाई नैतिक दृष्टान्त एवम् अर्ती उपदेश दिने काम गर्छन् । पौराणिक लोककथा, सृष्टिचक्रका कथा, धार्मिक विश्वास आदिका कथाहरू आएका हुन्छन् ।

### २.५.२. सामाजिक लोककथा

सामाजिक लोककथामा आधारित लोककथा सामाजिक लोककथा हुन् । मानिस सामाजिक प्राणी हो । साहित्य समाजको ऐना हो । समाजमा घटेका रोचक घटनाहरूबाट सामाजिक लोककथाहरू संकलन गरिन्छ । सामाजिक लोककथामा समाजका रीतिरिवाज, चालचलन, प्रेम, मिलन, विछोड, पीडा, आंसु, हाँसो जस्ता कुराहरू हुन्छन् । लोककथाहरूमा टुहुराटुहुरीका कथा, सौतेनी आमाको अत्याचार आदि जीवनका विसंगतिहरूको चर्चा पाइन्छ ।

### २.५.३. अतिरञ्जित लोककथा

यस्ता कथाहरूमा अलौकिक र काल्पनिक संसारका कथाहरू समावेश गरेका हुन्छन् । अतिरञ्जित लोककथामा पात्रहरू धामी, झाँक्री, बोक्सी, अप्सरा, देवता, राक्षस आदि पर्दछन् । यस्ता पात्रहरू काल्पनिक संसारमा विचरण गरेका हुन्छन् । यस्ता लोककथामा लोकलाई काल्पनिक संसारमा पुऱ्याएर मनोरञ्जन प्रदान गराइएको हुन्छ ।

### २.५.४. पशुपंछी तथा फलफूलका लोककथा

यस्ता लोककथाहरूमा विभिन्न पशुपछी तथा फलफूलहरू नै प्रमुख पात्रको रूपमा प्रस्तुत गरिएका हुन्छन् । पशुपछी तथा फलफूलहरू पनि मानिसको भाषा

बोल्ने र मान्छेको जस्तै व्यवहार देखाउने गर्दछन् । असम्भव र नितान्त काल्पनिक भए पनि यस्ता कथाहरूलाई सहज र स्वभाविक रूपमा सुन्ने सुनाउने गरिन्छ ।

### २.५.५. सांस्कृतिक तथा धार्मिक लोककथाहरू

यस्ता कथामा मन्दिरमा पूजाआजा गर्ने, धार्मिक अनुष्ठान सम्बन्धी कुराहरू समावेश हुन्छन् । जातजाति, धर्म र मृत्यु सम्बन्धी संस्कारहरू कथामा झल्केका हुन्छन् । कथामा राम्रा काम गर्नेलाई वरदान र पापीलाई दुःख दिएका कुराहरू पाइन्छ ।

### २.५.६. विविध लोककथा

उपर्युक्त वर्गीकरण भित्र नपेुका विभिन्न जातिका धर्म, संस्कृति, रहनसहन अनुसारका लोककथाहरूलाई यस वर्गभित्र राख्न सकिन्छ । विशुद्व मनोरञ्जनात्मक बालमनोविज्ञानमा आधारित लोककथाहरू पनि रहेको पाइन्छ ।

निकै लामो समयदेखि थुप्रै प्रकारका लोककथाहरूको प्रयोग हुँदै आएको छ । यस्ता धेरै प्रकारका लोककथाहरूलाई तिनको वर्ग, विशेषता, रूपरङ्ग प्रकृति आदिका आधारमा उपर्युक्त ६ भागमा वर्गीकरण गरिएको छ ।

## २.६ लोककथाको स्वरूप

लोक साहित्यका विभिन्न अध्येताहरूले सङ्कलन गरेका नेपाली लोककथा एवम् देशका विभिन्न भागमा कथ्य एवम् जनश्रुतिमा आधारित कथाहरूमा देखिएका विविधताका आधारमा नेपाली लोककथाको स्वरूपलाई यहाँ यस प्रकार उल्लेख गरिएको छ ।

(क) लोककथा श्रव्य अथवा कथ्य विधा हो । यसमा कथानकको अनिवार्यता रहन्छ र यसमा पात्र वा चरित्रहरू वातावरण शैली र सन्देश पनि अपेक्षित हुन्छन् ।

(ख) लोककथामा तिलस्मी प्रवृत्ति रहे पनि तिनमा सामाजिक पक्ष पनि सशक्त हुन्छ ।

(ग) लोककथामा रचनाकार अज्ञात हुन्छन् अथवा रचनाकारको प्रत्यक्षता रहँदैन् ।

(घ) लोककथा एकादेशबाट शुरू गरी सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने वेलामा सुरूकक आइजाला भनी अन्त्य गरिन्छ ।

(ङ) लोककथाको भाषा लोकको निकट रहन्छ अर्थात लोकभाषा हुन्छ ।

(च) लोककथामा गद्यभाषा हुँदाहुँदै पनि रोचकताका निम्ति बीच-बीचमा गीत कविता पनि आउन सक्छन् । (उपध्याय, इ.सं. १९६६ : ११३०)

## २.७ लोककथाको संकलन तथा अध्ययन परम्परा

लोककथाको इतिहास मानव सभ्यताको इतिहास स-सँगै गासिएको छ । मानव सभ्यताको विकास स-सँगै यस विधाको विकास भएको पाइन्छ । शुरूमा श्रुति परम्परामा संरक्षित लोककथालाई शिक्षित मानवले लिखित रूपमा सङ्कलन गरी सुरक्षित तुल्याउन थाल्थो । लोककथाको जन्म कहाँ र कसरी भयो भन्ने ठोस प्रमाण लिन नसके पनि प्राचीन कालमा मानवको जन्मसँग लोककथाको जन्म भयो भन्न सकिन्छ । लोककथाको प्रारम्भिक विकासको रूपमा संस्कृति वाङ्मय र तिनबाट प्रचलनमा आएका आख्यानहरूलाई लिन सकिन्छ । हिन्दुहरूको प्रमुख धार्मिक ग्रन्थहरू वेद, उपनिषद पुराणहरूमा प्रशस्त लोकआख्यानहरू पाईन्छन् ।

नेपाली भाषाको मौलिक लोककथाहरूको सङ्कलन कार्य हुनु भन्दा पूर्व संस्कृत, हिन्दी, उर्दू र फारसी आदि भाषाबाट नेपाली भाषामा अनुवाद भएका कृतिहरू "हितोपदेश मित्रलाभ" (१८३३) सत्यनारायणको कथा व्रतकथा (१९४२)

नलदमयन्तीको कथा (१९८०) आदि हुन् । फारसीबाट नेपालीमा अनुवाद भएको कृतिहरू लालहीराको कथा (१८८८) मधुमालतीको कथा (१९९६) आदि हुन् ।

लोककथा मानव सभ्यताको विकास सँगसँगै प्राप्त भएको पाइन्छ । भाषाको व्यवहार हुन थालेपछि लोककथा भन्न र सुन्न थालियो । भाषा लिखित रूपमा नआउँदैदेखि समाजमा मौखिक परम्पराबाट ग्रहण गरी संकलन प्रकाशन गर्न थालिएको १९९६ पछि मात्र हो ।

१९७२ को पिनासको कथा नेपाली भाषामा लेखिएको पहिलो कथा हो । १८७७ मा अङ्ग्रेजी भाषामा लेखिएको नेपाली व्याकरणमा मुन्सीका तीन आहानहरू प्रकाशित छन् । बनारसबाट बहत्तर सुगाको कथा (१८८०), लालहीराको कथा (१८८८) स्वास्थानी व्रत कथा (१९४८) हेरिश्चन्द्रको कथा (१९८२) तोतामैनाको कथा (१९८४) मधुमालतीको कथा (१९९६) आदि प्रमुख केही आख्यानात्मक कृति प्रकाशित भएका छन् ।

विभिन्न भाषाको अनुवादबाट प्रारम्भ भएको लोककथाहरूको सङ्कलन पहिलेदेखि भए तापनि बोधविक्रम अधिकारीद्वारा सम्पादित 'नेपाली दन्त्यकथा' ( १९९६) बाट नेपाली भाषामा लेखिएका लोककथाहरूको सङ्कलन र प्रकाशनका प्रारम्भ भएको पाइन्छ । ललितजङ् सिजापतिको दन्त्यकथा माला (२००३) सुवर्ण शम्सेर ज.व.रा. को दन्त्यकथा (२००५) काजीमान कन्दङवाको 'आठकथा' (२०१०) जुजुमान कुश्लेको 'दन्त्यकथा' (२०१६) इमानसिंह चेमजोङ्गको 'किराती दन्त्यकथा' ( २०२१) पासाङ गोपर्माको 'बुहारी' (२०२४) मोतीलाल पराजुलीको 'धर्मात्मा राजा' ( नेपाली लोककथा सङ्ग्रह श्रृङ्खला-१ यसका साथै डा. मोतीलाल पराजुलीले 'नेपाली लोककथाको अभिप्रायको अध्ययन (२०५४) मा विद्यावारिधि समेत गर्नु भएको छ ।

यसरी लोक साहित्यको अध्ययन भइरहेको छ । नेपाली लोक साहित्यको विकासका लागि त्रि.वि.वि. ले लोक साहित्यमा अध्ययन अनुसन्धान होस् भन्ने उद्देश्यले लोक साहित्यलाई विद्यार्थीको स्वतन्त्र रुचि अनुसार शोधकार्य गराउँदै आएको छ ।

लोककथा लोकजीवनको अत्यन्त महत्त्वपूर्ण लोकप्रिय विधाको रुपमा परापूर्णकालदेखि हालसम्म स्थापित भएर रहेको पाइन्छ । मौखिक परम्परामा प्रचलित लोककथाको २० औं शताब्दीको अन्तिम दशकदेखि सङ्कलन र प्रकाशन समेत भैसकेका छन् । नेपाली लोककथाको योगदान दिने क्रममा राजेन्द्र र धरणी गौतमको मेची अञ्चलका लोककथाहरुको सङ्लकन (२०३८) शिवकुमार श्रेष्ठको किराँती लोककथाहरु (२०४७) र किराँती लोककथा संगालो (२०५१) तुलसी दिवसको नेपाली लोककथा (२०३२) ले उल्लेखनीय भूमिका निर्वाह गरेको छ । नेपाली रोकसाहित्यका क्षेत्रमा धर्मराज थापा र हंसपुरे काजीमान कन्दङवा, कालीभक्त पन्त, कृष्णप्रसाद पराजुली आदि विद्धानहरुको महत्त्वपूर्ण योगदान छ । यी अध्येताहरुले नेपाली लोककथाको बारेमा कुनै न कुनै रुपमा चर्चा गरेका छन भने तुलसी दिवसको अध्ययन उल्लेखनीय रहेको छ । लोककथाको क्षेत्रमा हालसम्म आइपुग्दा व्यक्तिगत र संस्थागत रुपमा लोककथाहरुको सङ्कलन र प्रकाशन गर्ने काम गरी रहेको पाइन्छ । यसबाट लोककथाको अध्ययन अनुसन्धान सङ्कलन र विकासमा धेरै सहयोग पुगेको पाइन्छ ।

## परिच्छेद -तीन

## ३. धादिङ्ग जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित नेपाली लोककथाहरूको वर्गीकरण

नेपाली लोककथाहरुको अध्ययन विभिन्न अध्येताहरुले गरेको भए तापनि धादिङ्ग जिल्ला क्षेत्र नं. ३ मा प्रचलित लोककथाहरुको हालसम्म छुट्टै अध्ययन हुन सकेको छैन् । नेपाली लोककथाको व्यापक सङ्कलनका अभावको कारण यहाँको लोककथाको टिप्पणी समेत खासै कतैबाट भएको पाइदैन । हालसम्म लोकथाको क्षेत्रमा जे जति अध्ययन भएको छ यिनैलाई आधार मानेर धादिङ्ग जिल्लाको क्षेत्र नं. ३ को धुनिवेशी क्षेत्रमा प्राप्त लोककथालाई विषयवस्तु, प्रवृति र उद्देश्यका आधारमा निम्न लिखित छ भागमा वर्गीकरण गरिएको छ ।

### ३.१.१ सामाजिक लोककथा

मानिस सामाजिक प्राणी हो । ऊ समाजका विविध क्रियाकलापमा सहभागी हुन्छन् । जनजीवनका विभिन्न रीतिरिवाज, गुणदोष आदि यस्ता कथामा प्रतिविम्वित हुन्छ । सामान्यतया सामाजिक लोककथामा वर्गित विषयहरू गरिबी, कमाराकमारी, ज्योतिष मानवीय स्वभाव, सामाजिक समस्या, सौतेनी व्यवहार आदि हुन् । धादिङ जिल्ला क्षेत्र नं. ३ मा प्रचलित लोककथा मध्ये यसैको परिशिष्टमा सङ्कलित एक वित्ते भाई र दुई वित्ते दाई लोककथा सामाजिक लोककथा हो ।

### ३.१.२ हास्य विनोदात्मक लोककथा

विभिन्न व्यक्ति र तिनका आनीबानी, जाति, गुण, स्वभावको अनुकरण गरी श्रोतालाई हसाउँने उद्देश्यले रचना गरिएका कथाहरू यस अन्तर्गत पर्दछन् । अर्कोतिर यस्ता कथामा समाजका विकृति र विसङ्गतिप्रति तीब्र व्यङ्ग्य पनि गरिएको हुन्छ । । प्रत्यक्ष र अप्रत्यक्ष रूपमा यस प्रकारका कथाहरूले नैतिक उपदेशात्मक सन्देश दिइरहेको हुन्छन् । यस अन्तर्गत पर्दछन् ।

### ३.१.३ अतिरञ्जित कथा

सामान्यतया मानवीय क्रियाकलापसँग सम्बन्धित कथा रञ्जित कथाहरू हुन् भने मानव भन्दा छुट्टै वा असम्भव कुराहरूलाई कथामा सामग्री बनाएर प्रस्तुत गरिन्छ । यस्ता लोककथाहरू कुनै उपदेशमूलक हुन्छन् भने कुनै मनोरञ्जनात्मक मात्र पनि हुन्छन् । यस अध्ययन पत्रको परिशिष्टमा सङ्कलित कथाहरू मध्ये दृष्ट रानीहरूको कथा यस अन्तर्गत पर्दछ । फर्सीको कथा र राजकुमार र साक्षसको कथा पनि यस अर्न्तगतका कथाहरू हुन् ।

### ३.१.४ जीवजन्तु सम्बन्धी लोककथा

जीवजन्तु र पशुपंक्षी सम्बन्धी लोककथामा विशेष गरी स्याल हात्ती, साँप, बाध, भंगेरो आदि जीवजन्तु र पशुपंक्षीहरू पात्रका रूपमा हुन्छन् । यी मध्ये चलाख स्याल, भंगेरो बुद्धिमान, साँप, बाध विश्वासघाती आदि रूपमा रहेका हुन्छन् । यस खालका कतिपय कथाहरू उपदेशमूलक हुन्छन् र वालवालिकाको हृदयमा त अमीट छाप पर्ने खालका हुन्छन् । यस शोधपत्र परिशिष्टमा दिदी-बहिनीको कथा, बाँदर मरेको कथा यस अन्तर्गत पर्दछन् ।

### ३.१.५ उपदेशमूलक लोककथा

लोककथाको मूल उद्देश्य मनोरञ्जन दिनु भएर पनि गौण उद्देश्यको रूपमा लोकलाई अर्ती उपदेश दिनु रहेको देखिन्छ । मनोरञ्जनात्मक रूपमा संरक्षित लोककथामा अन्त्यमा गएर कर्तव्य पालन, परोपकार, सत्य, दया, धर्म, न्याय, त्याग, तपस्या, सहनशील, सन्तोष, उत्साह उमंग आदि असल गुणको विकास गर्नेतर्फ कथाले प्रेरित गरेको हुन्छ । असल काम गर्नेको विजय र खराब काम गर्नेको पराजय देखाउँदै पुरस्कार र दण्डका माध्यमबाट उपदेश र नीति सम्बन्धी शिक्षा दिने उद्देश्यले रचना गरिएका कथाहरू यस अन्तर्गत पर्दछन् । यस्ता कथामा मानवीय र

मानवेन्तर दुवै पात्रहरू हुन सक्छन् । यस शोधपत्रको परिशिष्टमा गुण खान्छ भन्ने कथा उपदेशमूलक छ ।

### ३.१.६ विविध लोककथा

माथिका वर्गीकरण भित्र नपरेका लोककथाहरूलाई यस अन्तर्गत राखिएको छ । उपदेशात्मक, मनोरञ्जनात्मक वा अन्य कुनै यस्ता खालका उद्देश्यमा नपरेका केही विशेष प्रकृतिका कथाहरूलाई यस वर्गमा राख्न सकिन्छ । यस अध्ययन पत्रमा एक सन्त राजा र ठगको कथा यसै विविध लोककथा अन्तर्गत पर्दछ ।

यसरी छ भागमा वर्गीकरण गरेर धादिङ क्षेत्र नं. ३ का लोककथाहरूलाई देखाउन सकिन्छ । यहाँका विविध प्रकारका कथाहरूमध्ये केहीले पुरानो पुस्ताको पेशालाई निरन्तरता दिएको, केही कथाले पुरानो पुस्तालाई औधी माया गरेको आदि ज्ञान प्रदान गरिएको छ । यस प्रकारका कथाहरू समाजबाट लोप हुने अवस्थामा पुगिसकेको ठहर यस अध्ययननार्थीले भोग्नुपरेको समस्याबाट महसुस गर्नु परेको छ । जे होस् धादिङ जिल्लाको क्षेत्र नं. ३ मा रहेका लोककथाहरूको अध्ययन गर्दा यहाँको समाजलाई राम्रो, नराम्रो, असल, खराब, ठिक, बेठिक आदिको निर्देशन कथाको माध्यमबाट नै दिइएको छ जसको पुष्टि यसै भित्र सङ्कलित कथाले अभिव्यक्त गर्दछ ।

## ३.२ सारांश

लोककथाहरुको वर्गीकरण गर्दा त्यहाँको सामाजिक ऐतिहासिक, सांस्कृतिक, जीवजन्तु सम्बन्धि, उपदेशमूलक लगायत विविध प्रकृतिका कथाहरु भनी वर्गीकरण गरिएको छ । यस प्रकारका कथाहरु यसै शोधपत्रको परिच्छेद चारमा सङ्कलित छन् । विविध प्रकारका कथाहरु मध्ये केहीले पुरानो पुस्ताको व्यवहारलाई प्रतिनिधित्व गर्दछन् भने केही कथाहरुले नयाँ पुस्तालाई उपदेश दिने काम गरेको पाइन्छ । केही

कथाले केटाकेटीहरुलाई मनोरञ्जन र नैतिक उपदेश दिने काम गरेको पाइन्छ । यस शोधपत्रमा राखिएका कथाहरुले चातुर्थ र कौशलता कुराहरुको पनि अभिव्यक्त गरेको पाइन्छ । जे होस् धादिङ्ग जिल्लाको क्षेत्र नं. ३ का कथाहरुको अध्ययन गर्दा यहाँको समाजलाई राम्रो, नराम्रो, असल, खराब, ठिक बेठिक आदिको निर्देशन कथात्मक ढंगले दिएको पाइन्छ भन्ने पुष्टि यसै भित्र सङ्कलित कथाले अभिव्यक्त गर्दछ ।

## परिच्छेद-चार

## ४. धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित लोककथाहरूको संकलन र विश्लेषण

### ४.१ लट्टे दमाई र कामीको कथा

एकादेशमा एक जना लट्टे दमाई र एउटा कामी बस्थे । यिनीहरू एकले अर्कोलाई छक्याउने काम गरी रहन्थे । एक दिन लट्टे दमाईको घरमा नुन सकिएछ । कामीलाई नुन रोप्ने चलन आएको छ, नुन रोप भनी लट्टेको भनेछ । कामीले पनि छेस्काको चिनो लगाउँदै नुन रोपेछ । लट्टेले राती सबै नुन चोरेर लगेछ । १०-१५ दिनपछि नुन नउम्रिएको देखेपछि लट्टेको घरमा कामी गएछ । लट्टेले तेरो नुन किर्न्था भन्ने किराले खायो होला किर्था मार्न धनुकाण बनाएर सिकार खेल्नुपर्छ । त्यसपछि कामीले धनुकाण बनाएर किर्था मार्न गएछ जति खोजे पनि उफ्रिएर भागेर हैरान बनाएछ । आखीर धनुवाणले आफ्नै बाबुको छातीमा लागेर बेहोस भएछ । त्यसपछि कामी आफु लट्टेबाट ठगिएको थाहा पाएछ । अब त्यसको बदलामा लट्टलाई पनि नछकाई भएन भनेर आफ्नो घरमा जाँड खुवाउन बोलाएछ लट्टेलाई जाँड खान दिएर पछि कुट्ने योजना बनाएछ । लट्टे पनि के कम थियो र ! उसले पनि पछ्यौरा अेढेर आएछ भित्र घैटो पनि झुन्ढयाएछ । कामीले जति जाँड दिन्छ त्यो सबै घैटामा राख्दो रहेछ । उक्त कामीको बाबुछोरा पनि जाँड खाँदै थिए । लट्टेको जाँडको घैटो भरिएपछि पिसाव लाग्यो भनी घर गएर खन्याएर आएछ । लट्टे धेरै पटक पिसाब गर्न हिँडेपछि यसलाई पक्कै पनि जाँड लागे जस्तो छ भन्ने ठानेर कामीले माथि जानु पऱ्यो भनेछन् । लट्टे पनि माथि गएछ तर कामीका बाबुछोरा भने भऱ्याङमा नै लडेछन् । जति भऱ्याङ उक्लिन खोजे पनि तलको तलै भएछन् । बेसरी जाँड खाएकोले कामीले आफ्नै बाबुलाई पनि चिनेनछ र लट्टे पनी पिट्न थालेछ । लट्टे भने घर गएछ । कामीले आफ्नो बाबुलाई लट्टे भन्ने ठानेर राती नै खोलामा लगेर गाडेछ । भोलिपल्ट लट्टेले सार्कीहरूलाई खोलामा गाई मरेर गाडेको छ । छाला चाहिने भए लिन जानु

भन्ने खबर गरेछ । यस पटक पनि कामी ठगिएछ । उक्त सार्कीहरू छाला लिन भनेर जाँदा कामीको बाउलाई गाडेको फेला पारेछन् । अब सार्कीहरु पनि लट्टेसँग बदला लिने विचार गरेछन् । सार्कीहरूले खोला पारि मुखिया दाईको छोराको बिहेमा जाउ भनेछन खोलो ठूलो छ । आगो लिएर जाऊ भनी लट्टेलाई भनेछन् । उनीहरूले आगो पानीमा हाल्दा झ्यास्स गऱ्यो भने नजानु खोला ठूलो हुन्छ । त्यही आगो फेरी पानीमा हाल्दा झ्यास्स गरेन भने जाउ भनेछन् । लट्टेले आगो पानीमा हालेछ । झ्यास्स गरेछ फेरि त्यही आगो पानीमा हाल्दा केही नभएपछि अब खोलामा बादी घटेछ भनी खोलामा पसेछ । उसलाई वाढीले बगाएर ढुङ्गा माथि पुऱ्याएछ । ढुङ्गामा दुवै हातले समाएर बसेछ । त्यसैवेला कामी आएर लट्टे दाइ भनी वोलाएर लट्टेले हजुर भनेछ । अहिले भोज खान पाए कति खान्थ्यौं भनी कामीले सोधेछ । लट्टेले धेरै खान्थे भनी दुबै हात फैलाएर देखाएछ । यसो गर्दा लट्टेको दुबै हात फुस्किन पुगी खोलाले बगाएर लगेछ । सुन्नेलाई सुनको सुनको माला भन्नेलाई फुलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा खुरूखुरू आउला . ।

(स्रोत : महालक्ष्मी सुवेदी, उमेर ३० जीवनपुर गा.वि.स. वडा नं. ५)

## १. लट्टे दमाई र कामी कथाको विश्लेषण

### क. कथानक

प्रस्तुत कथा धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित हास्य मनोरञ्जनात्मक अतिशयोक्तिपूर्ण रिस डाहमा आधारित स्वभाविक कथा हो । यस कथामा दुई छिमेकीहरू लट्टे दमाई र कामी एक अर्कालाई दुःख दिई मनोरञ्जन लिन खोज्दछन् । लट्टे दमाईले कामीलाई नुन रोप्ने, कामीले दमाईलाई जाँड खुवाएर लठ्याउने आदि कामहरू मनोरञ्जनात्मक छन् । कथामा केही अपवाद बाहेक पूर्ण मनोरञ्जनात्मक बनाइएको छ । पानीमा आगो बाल्न लगाउनु पनि त्यही मनोरञ्जन र ठट्टाभित्र

पर्दछ । अर्कालाई कुनै पनि बहाना बनाएर दुःख दिएमा त्यसको विपरीत आफूपनि त्यस्तै समस्यामा परिन्छ भन्ने आशय रहेको प्रस्तुत कथा हास्यव्यङ्ग्यले भरिनुका साथै अर्ती उपदेश मूलक पनि रहेको छ । यसको प्रारम्भ विकास र अन्त्य सुसङ्गलित ढंङ्गबाट बुनिएको देखिन्छ ।

### ख. पात्र

यस कथाको प्रमुख पात्र लट्टे दमाई र कामी दुईजना रहेका छन् । लट्टे दमाई र कामी प्रभाव पात्रका रूपमा छन् भने कामीको बाधु चाँहि सहायक पात्रका रूपमा छन् । कथाका बीचमा सार्कीहरूको पनि उल्लेख गरिएको पाइन्छ । लट्टे दमाई र कामी एक अर्काका पूरकका रूपमा छन् । ती दुवैको भूमिका कथामा उल्लेखनीय रूपमा रहेको पाइन्छ ।

### ग. परिवेश

प्रस्तुत कथाले गाँउले परिवेशमा रहेका लट्टे दमाई र कामीलाई देखाइएको छ । गाउँले निरक्षर दमाई र कामी एक आर्कालाई दुःख दिनमा तल्लीन छन् । गाउँमा रक्सी खुवाएर मताउने चलन, नुन रोपेर उमार्ने कुरा गाँउले सोभ्गोपनको परिचायक हुन् । आर्थिक अवस्था कमजोर भई नुन समेत किन्न नसक्नु र जसले जता डोऱ्यायो उतै डोरिनु पात्रहरूको कमजोरी समेत छ ।

### घ. उद्देश्य

यस कथाले समाजमा रहेका अति निम्न वर्गका मानिसहरूको रहनसहन र बानी व्यहोराको चित्रण गरेको छ । एक अर्कालाई छक्यौउँदै जाँदा अन्त्यमा एक दिन नराम्रो स्थितिको सिर्जना हुन सक्छ भन्ने कथाको सन्देश छ ।

## ङ. भाषा

यस कथामा गाउँले विशुद्व भाषाको प्रयोग गरिएको छ । गाउँले अनपढहरूको बोलीचालीको भाषा प्रयोग गर्नुका साथै ठट्टा मजाकको भाषा प्रयोग भएको छ ।

## च. शैली

प्रस्तुत कथामा वर्णनात्मक शैली प्रयोग भएको पाइन्छ । प्राम्भमा मध्य र अन्त्य हुँदै गएको सरल शैलीको प्रयोग यस कथामा भएको छ ।

## छ. अभिप्राय

अभिप्राय भनेको विशिष्ट अर्थ प्रदान गर्नु हो । यस कथामा नुन छर्नु, पानीमा अगुल्टो घुसाउनु आदि अभिप्राय हुन् । यस कथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । नुन उर्मान खोज्नु, पानीमा निभेको अगुल्टो घुसारेर नदी तर्न खोज्नु आदि अभिप्रायको प्रयोग ।

## ४.२. दुष्ट रानीहरूको कथा

एकादेशमा एउटा धनी राजा थिए तर उनका दुईवटा रानीबाट सन्तान नभएपछि तेस्रो विहे गरेछन् । तेस्रो रानीसँग दुईवटा रानीहरू डाह गर्दा रहेछन् । तेस्री रानी भाग्यवश गर्भवती भइन । त्यसपछि त झन् पहिलाका दुईवटा रानीहरूको रिसको सीमा रहेन । उनीहरुले षडयन्त्र गर्न थाले । जब प्रसब पीडामा तेस्री रानी छटपटाउन थालिन् ती दुई रानीहरूले गोप्य कोठामा लागि घ्याम्पा भित्र मुख छिराएपछि सन्तान चाँडै जन्मिन्छ भन्ने वहाना पारेर बच्चा जन्मिएपछि त्यो बच्चा लुकाई राजा समक्ष गएर कान्छीले त मुसल र लोहोरा पाइन भनी देखाए । राजाले पनि वास्तविकता केही नबुझिकनै कान्छी रानीलाई हेलागर्न लागे । राजाले कान्छी रानीलाई घोडाका लिदी सोहोर्ने काम लगाई दिए । पहिलाका बच्चाहरूलाई अर्थात कान्छी रानीका छोराछोरी दुबैलाई भने भुसमा लुकाउन लगिएको थियो । पछि

तिनीहरूलाई भूस लिन आउँदा सार्की र सर्किनीले घर लगेर गएछन् । सार्कीले पातको घोडा राजकुमारलाई र सर्किनीले पातको पुतली बनाएर राजकुमारीलाई दिएछन् । राजकुमार र राजकुमारीले 'काठको घोडा रिउ-सिउ पानको पुतली पानी पिउ-पिउ भनी खेल्दा रहेछन् । त्यसै बखत दुष्ट रानीहरु भोजका लागि त्यसै ठाउँबाट आएछन् । उनीहरुले ती बच्चाहरूलाई देखि तिनीहरूका बाबु आमा सोधेछन् । ती बालकहरूले पनि सार्की र सर्किनीलाई बा आमा भनी देखाएछन् । दुष्ट रानीहरूले पनि यो पक्कै हामीले भूसमा फालेका बच्चा हुनुपर्दछ भन्ने विचार गरेर तिनीहरूलाई मारेर कुवा माथि र कुवा तल फलेछन् । दाज्यु चाहि वालक बाँसको घना भएछ भने बहिनी चाँहि कमलको फूल भइछ । राजाको मन्त्री एकदिन त्यही बाटो हिड्दा कमलको फूल देखि मोहित भएर टिप्न खोज्दा दश हात माथि गयो र हात तल झार्दा तलै झर्ने भयो । फूलले तिमी घन दाज्यै म फूल बहिनै हाम्रा बुबाका मन्त्री फूल माग्न आउनु भयो । फूल दिऊ कि नदिऊँ कुवा माथिको बाँसको घनले पनि तिमी फूल बहिनै म धव दाजै बुबाको मन्त्री फूल माग्न आए पातै नझारी हाँगै नलाछी मात्रै भराई देऊँ भनेछ । सबै फूल झरेछ मन्त्रीले फूल लगी राजालाई बेली विस्तार लगाएछ । आफूलाई बुबाको मन्त्री भएको पनि सुनाएछ ।

राजा उक्त फूल हेर्न आएछन् । कमलको फूलले उसैगरी दाजु बाँससित 'तिमी बाँस घन दाजै म कमलको फूल हाम्रा बुबा फूल टिप्न आए दिऊँ कि नदिऊँ ? तब घनले पनि 'तिमी फूल बहिनै म घन बाँस हाम्रा बुबा फूल, माग्न आए पातै नझरी हाँगै नलाछी देऊ' भनेपछि फूल झरेछ । राजाले फूल र घन दुवैलाई हातमा लिएछन् । कसका छोराछोरी भनी सोधेछन् । ती दुवैले दुःखित भएर रूदै आफ्ना पहिलाको घटनाहरू र सौतेनी आमाहरूको व्यवहार बताएछन् । तर राजाले यी कुराहरूमा विश्वास गरेनन् । ती वालकहरूले चार केश टाढाबाट आफ्नो आमाले दुध निर्चादा मुखमा पर्ने परीक्षा लिन आग्रह गरे । वालकहरूले जसको दुध चारकोश पर

बाट निर्चादा पनि हाम्रो मुखमा पर्छ, हाम्री आमा उनी नै हुन्छिन, भने राजाले वालकहरूलाई चार कोश पर राख्न लगाई राज्य भरका सम्पूर्ण महिलाहरूलाई आफ्नो स्तन निर्चोन लगाएछन् तर कसैको पनि दुध तिनीहरूका मुखसम्म पुगेछन् । सबैको पालो सकियो । अन्तमा घोडाको लिदी सोहोर्ने कान्छी रानीको पालो आयो, उनले आएर दुध निर्चोदा साँच्चै ती दुई वालकहरूका मुखसम्म पुगे । त्यसपछि राजाले आफ्नो गल्ती स्वीकार्य दुष्ट रानीहरूलाई देश निकाला गरी कान्छी रानीलाई लिएर आनन्दले बसे । सुन्नेलाई सुनको माला भन्ने बेलामा तुरुन्त आइजाला

(स्रोत : मुना सुवेदी वर्ष १२ जीवनपुर ५ धादिङ)

## २. दुष्ट रानीहरूको कथाको विश्लेषण

### क. कथानक

प्रस्तुत कथा धादिङ क्षेत्र नं. ३ को धुनीवेसी क्षेत्रमा प्रचलित कथा हो । यो कथालाई अतिरञ्जित कथाका रूपमा लिन सकिन्छ । एउटा राजाका दुई रानीहरूको कुनै सन्तान हुन नसक्दा अर्की रानी बिहे गर्नु कथाको विषयवस्तु हो । कथामा ती कान्छी रानीको सन्तान भए पनि सौताहरूले मुसल र लोहोरो जन्माएका भनी झुक्याउने काम हुन्छ । त्यसबाट चिन्तित राजाले कान्छी रानीलाई घोडाको लिती सोर्होने काम लगाइदिन्छन् । सन्तानहरू भने सार्की र सर्किनीले लगेर पाल्दछन् । त्यति हुँदा पनि सौताहरूले गई ती राजकुमार र राजकुमारीलाई मारी दिन्छन् । पछि मन्त्री मार्फत् राजाले आफ्नो सन्तानहरूको मिलन भई सुख पूर्वक रहेको कुरा कथामा उल्लेख छ ।

### ख. पात्र

कथामा राजा, रानीहरू, कान्छी रानी, सार्की, सर्किनी, फूल, बाँस आदि पात्रका रूपमा छन् । मन्त्रीको भूमिका उल्लेखनीय छ । दुष्ट रानीहरू सौतेनी छोराछोरीलाई

मार्न सफल भए पनि कुनै न कुनै रहस्यबाट उनीहरूको पोल खुल्न जान्छ । मन्त्रीको सहायताले राजा र सन्तान बीच मिलन हुन्छ । दुष्ट रानीहरूले आफ्ना दुष्कर्मको फल भोग्दछन् ।

### ग. परिवेश

यस कथामा दरबारिया परिवेशको वर्णन पाइन्छ । दरबारभित्रको षडयन्त्र, स्वयं दरबारीयाहरूले समेत भोल्न परेको दुःख कथामा वर्गित छ । गाउँले परिवेशको पनि चर्चा छ । निम्न वर्गका सार्की, सर्किनीहरूको पनि भूमिका छ भने बाँस, फूल आदि बनी राजकुमार र राजकुमारी बोल्न सक्नु पुर्नजन्मप्रतिको लोकविश्वास यहाँ चित्रण गरिएको छ । यो कथा लौकिक परिवेशमा निर्मित हुँदा हुँदै पनि अति रञ्जित बन्न पुगेको छ ।

### घ. उद्देश्य

यस कथाले सौतेनी व्यवहार कत्तिको कष्टपूर्ण हुन्छ भन्ने देखाउन खोजिएको छ । जतिसुकै कष्टपूर्ण व्यवहार गरी आफू चोखो रहन खोजे पनि एक न एक दिन रहस्य खुलेर छाड्छ भनी देखाउन खोजिएको छ ।

### ङ. भाषा /शैली

यस कथामा सरल सरस र बोधगम्य भाषाको प्रयोग गरिएको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग छ ।

### च. अभिप्राय

यस दुष्ट रानीहरुको कथामा प्रशस्तै अभिप्रयाहरुको प्रयोग भएको पाइन्छ । जस्तै : लोहोरा र मुसल जन्मनु, वाँसको भ्याङ र फूलको बोट भई राजकुमार र राजकुमारीको जन्म हुनु, उनीहरुले मन्त्री, राजासँग कुरा गर्नु, फूलको बोट वरपर

जानु,  छ कोश परबाट दुध निचोर्दा पनि राजकुमार र राजकुमारीको मुखमा पर्नु आदि अभिप्रायहरुको प्रयोग पाइन्छ ।

## ४.३ एक वित्ते भाइ दुई वित्ते दाइ

एकादेशमा एक वित्ते र दुई वित्ते नामका दाजुभाई थिए ।दाज्यु चाँहिलाई सबै सम्पत्ति थियो । भने भाइलाई भने एउटा गोरु मात्र थियो । एक बित्तेले गोरु दाजुको तोरी बारीमा छोडेछ । दुई बित्तेले कुटेर मारेछ । भाइ चाँहिले उक्त गोरु काटेर भैसीको मासु भन्दै बजारमा लगेर बेचेछ । पैसा थुप्रै ल्याएछ र पैसा भर्न पाथी माग्न दाजु कहाँ गएछ । दाजुले चाँहि खोटो लाएर पाथी दिएछ । पाथी फिर्ता ल्याउँदा पैसा टाँसिएको देखेपछि दाजु चाँहिले भाइसँग सोधेछ । उसले पनि गोरुको मासु बेचेको कुरा भनेछ । तब दाइले पनि लैनो गाई काटेर मासु लिनको लागि गाउँलेहरूलाई सबै गाउँले गाईको मासु तै खा भनी झपारेछन् । तब भाइदेखि रिस उठेर उसले घरमा आगो लगाएछ । भाइले खरानी बटुलेर बोरामा हालेछ र ठूलो नदीमा डुङ्गा चढेर गएछ र भनेछ यसमा मेरो अमूल्य वस्तु छ । यसमा पानी एक छिटा मात्र पर्‍यो भने खरानी बन्छ । नभन्दै पानी एक छिटा पर्‍यो तब उसले बिलौना गर्न थालेछ त्यसपछि उसलाई खरानी बराबरको धन सम्पत्ति दिएर पठाएछ । फेरि पैसा भर्न पाथी माग्न दाजु कहाँ गएछ । दाजुले कसरी कमाइस भनी सोध्दा खरानी वेचेर भनेछ । दाजुको मनमा फेरि लोभ आयो । उसले पनि भाइको सानो छाप्रोको त यति धेरै पैसा आयो भने मेरो त यत्रा घरको खरानीको त पैसा कति हो कति भनेर उसले घर बालेर खरानी बेच्न हिड्यो तर उसको खरानी कसैले किन्दिएनछन् । उसले अब भाइलाई नै मार्ने सुरले भाइका सबै लुगा फुकाली नाङ्गै करूवामा झुन्ड्याइ  आएछ । परबाट एउटा मानिस घोडामा सवार भई एक बित्तेलाई तिमी किन झुन्डिएका भनि सोधेछ । एक वित्तेले मेरा मरेका पितृहरू स्वर्गमा छन् कि कहाँ छन् भनी हेर्न लागेको भनेछ । तब उक्त घोडामा सवार भएको मानिसले पनि आफू पनि पितृहरू हेर्ने इच्छा प्रकट

गरी एक वित्तेलाई फुकाई आफू झुन्डिएछ । एक वित्तेले उक्त मानिसको सबै कपडा लगाएर घोडामा चढेर दाजुकहाँ गएछ । दाजु झसँग भयो भाई मर्‍यो भनेको त उल्टै घोडामा पो आएको देखि कसरी आइस भनी सोधेछ । भाइले पनि तिमीले झुन्ड्याएपछि आफू सिधै स्वर्ग गएको, त्यहाँ पितृहरुलाई भेटेको उनीहरूले घोडा र कपडा दिएको कुरा भनेछ । दाजुले पनि मरेका बाबुलाई भेट्ने र आफ्ना लागि सम्पत्ति ल्याउने रहरले झुन्डिन तयार भयो । त्यसपछि दाजुलाई भाइले झुन्ड्याइ मारिदियो । भन्नेलाई फूलको माला सुन्नेलाई  सुनको माला ........

(स्रोत : महालक्ष्मी सुवेदी वर्ष ३० जीवनपुर -५ धादिङ)

## ३. एक वित्ते भाई र दुई वित्ते दाई कथाको विश्लेषण

### क. कथानक

यो कथा धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित एउटा सामाजिक कथा हो । दाजुले भाइलाई दुःख दिनु हाम्रो सामाजिक घटना भित्र पर्दछन् । समाजमा दाजुले भाइमाथि वर्चस्व जमाउन खोज्छ । भाइले जति दुःख पाए पनि कठैवरा भन्ने शब्द दाजुको हुँदैन् । भाइको गोरु दाजुले मारिदिन्छ र पनि भाइले सहेर बस्छ । दाजुले जति रिस गरे पनि आफ्नो फलिफाप हुँदैन् । दाजुले भाइको जति काम बिगारी दिँदा पनि भाइलाई कति रिस उठदैन् । अन्त्यमा भाइको रिस गर्ने दाजु आफैं झुण्डिएर मर्छ । कथाको प्राप्त, विकास र अन्य सुगठित रहेको पाइन्छ ।

### ख. पात्र

दाजु र भाइ यस कथाका मूल पात्र हुन् । दाजु दुष्ट हुन्छ भने भाई बठ्याइँले आफ्नो प्रगति गर्दछ । कथामा गोरु पनि गौण पात्रको रूपमा छ । घोडामा चढ्ने मान्छे पनि पात्रका रूपमा छ । त्यसैगरी कथामा घोडा पनि छ । त्यसैगरी कथामा डुङ्गा चलाउने नाउको पनि भूमिका देखिन्छ ।

## ग. परिवेश

कथामा ग्रामीण परिवेशलाई देखाइएको छ । गाउँमा दुःख दिने दाजु र दुःख पाउने बाठो भाइ छ । त्यसैगरी डुङ्गा चलाउने नाउ, नदिको वर्णन छ । बसदो गोरु भागमा आउने कारणले गर्दा दाजु र भाइको स्तर निम्न देखिन्छ । घोडा बढ्ने मानिस, गाउँलेहरू जो मासु किनेर खाने जस्ता कारणहरूले गाउँले परिवेशको संकेत गर्छ ।

## घ. उद्देश्य

कथाको मूल उद्देश्य भनेको गाउँले परिवेशमा दाजु र भाइको बीचमा रहेको ईश्यालु प्रवृत्तिलाई देखाउन खोजिएको छ । दाजुले भाइलाई जहिले पनि दुःख दिइ सताउने गरेको देखाइएको छ तर अन्त्यमा दाजु कै अन्त्य भएको देखाउन खोजिएको छ । सत्य कहिल्यै पनि इमान्दार मान्छेका पक्षमा हुन्छ भन्ने कुरा देखाउन यस कथाको मूल उद्देश्य हो ।

## ङ. भाषा/ शैली

प्रस्तुत कथामा ग्रामीण कथ्य भाषाको प्रयोग गरिएको छ । सरल, सहज, ग्राम्य, बोधगम्य र कथ्य ग्रामीण भाषाको प्रयोग गरिएको छ ।

यस कथामा वर्णनात्मक शैलीको प्रयोग छ ।

## च. अभिप्राय

प्रस्तुत एक वित्ते भाई र दुई वित्ते दाइमा अभिप्रायहरुको प्रयोग भएको पाइन्छ । जस्तै एक वित्ते भाई, दुई वित्ते दाई झुण्डिएको मान्छेले स्वर्ग देख्नु आदि अभिप्रायहरुको प्रयोगको पर्दछ ।

## ४.४ दिदी बहिनीको कथा

एकादेशमा दुई दिदी बहिनी थिए । दिदी धेरै धनी र बहिनी गरीब थिइन । एक दिन दिदीले बहिनीलाई जुम्रा हेर्न लगाइन । मेरो जुम्रा हेरे वापत एक माथि धान दिउँला भनिन् । विचरा दुःखी बहिनीले दिनभर दिदीको जुम्रा हेरिन, तर दुष्ट दिदीले जुम्रा नङमा लुकाएर राखेकी थिई । जब जुम्रा सकियो र बहिनीले अब धान लेउ दिदी भनिन् । दिदीले नङको जुम्रा निकाली कहाँ सिदिनु र जुम्रा यहाँ देऊ त भनी जुम्रा देखाइन् । म धान दिन्नँ भनिन् । बेलुकीको छाक टार्न बहिनीले रुँदै सिस्नु टिप्न गई । त्यसैबेला जङगलबाट एउटा भालु त्यसै बाटो जाँदै थियो । उसले किन रोएकी भनी सोध्यो । बहिनीले दिदीले गरेको सम्पूर्ण व्यवहार रुदै बताई र छाक टार्न सिस्नो टिप्न लागेको बताई । तब त्यो भालुले नरोऊ मलाई बोक भन्यो बहिनी चाँहिले भालुलाई बोकेर घर ल्याई/त्यसपछि भालुले त्यहाँ पोत भन्यो । बहिनीले लिपपोत गरी त्यसपछि भालुले बत्ती बाल् भन्यो, उसले बत्ती पनि बालिदीई भालु सुत्यो । भालु भोलिपल्ट गई सकेको रहेछ तर ऊ सुतेको ठाउँमा पैसाको रासै लागेको रहेछ साथै सिस्नो खोज्न जाने बहिनी आज किन गइन भनी दिदीले बहिनीको चियो गर्न थाली । बहिनीको घरमा पैसाको थुप्रो लागेको कारण के हो भनी बहिनीलाई सोधी, बहिनीले सबै वेलि विस्तार लगाई । तब दिदी पनि रुदै सिस्नो टिप्न गई । त्यसैवेला एउटा भालु आयो । दिदीले खुसी हुँदै बोकौ भनी भालुले बोक नबोक नछोऊ भन्यो । उसले भालुलाई बोकेर घरमा ल्याई र म लिपपोत गरौं भनी भालुले गरे गर नगरे नगर भन्यो अनी दिदीले म बत्ती बाल भनी सोधी भालुले बाले बाल नबाले नबाल भन्यो । दिदीले बत्ती बालेर सुत्न गई । भोलिपल्ट पैसाको रास होला भन्ठानेको त भालुले सम्पूर्ण घरमा छेरेर गएछ । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला ........ ।
(स्रोत : विष्णुबहादुर रेग्मी वर्ष ५० जीवनपुर -५ धादिङ)

## ४. दिदी-बहिनीको कथाको विश्लेषण

### क. कथानक

धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित यस लोककथामा दिदी साह्रै दुष्ट हुन्छे । बहिनीले जतिसुकै काम गरी रिझाउन खोजे पनि दिदीको मन पग्लदैन र बहिनीलाई साह्रै दुःख दिन्छे तर बहिनीलाई भने जंगलका पशुपक्षीहरूले साथ दिई घरायसी सुख दिने काम गरेको पाइन्छ । बहिनीलाई दुःख दिने दिदीलाई जंगली पशुले समेत चिनी दुःख दिएको कथामा वर्णन गरिएको कथाको प्रारम्भ, विकास र अन्त्य सुगठित एवं क्रमबद्ध रहेको भेटिन्छ ।

### ख. पात्र

यस कथामा दिदी र बहिनी दुई पात्रहरू प्रमुख छन् । दिदी धनी छ, बहिनी गरिब छ । दुई दिदी बहिनीमा दिदी दुष्ट र बहिनी सोझी छ, कथामा मानवेन्तर पात्र भालुको भूमिका मानवीय जस्तै देखिन्छ ।

### ग. परिवेश

कथामा गाउँले परिवेशलाई देखाइएको छ । गाउँका दिदी बहिनी कथामा पात्रहरू छन् । जंगलको परिवेश पनि कथामा देखिएको छ । जंगलका जंगली जनावरहरू मानवलाई सहयोग गर्न आएको देखिन्छ । दिदीको तुलनामा बहिनीको आर्थिक केही खस्केको देखिन्छ वा नाजुक देखिन्छ । दिदी बहिनी एकै परिवेशका भए पनि नायिका र खल नायिका जस्ता देखिन्छन् ।

### घ. उद्देश्य

यस कथामा गाउँले दिदी बहिनीको बीचमा रहेको ईश्यालु प्रवृत्तिलाई देखाउन खोजिएको छ । आफन्तले माया ममता नदेखाए तापनि जंगली पशुले पनि मान्छेलाई

सहयोग गरी मानवतालाई चुनौती दिन सक्छ भनी देखाउन खोजिएको छ । खास गरी भाग्यवादी चिन्तनलाई प्रस्तुत गर्नु कथाको मूल उद्देश्यमा देखिन्छ ।

**ङ. भाषा**

यस कथामा ग्रामीण कथ्य भाषाको प्रयोग वर्णन गरिएको छ । सरल, सरस भाषाको प्रयोगका साथै बोध गम्य भाषाको प्रयोग पाइन्छ । गाउँले व्यक्तिहरूको बोलीले पनि कथामा ग्रामीण झलक दिन्छ ।

**च. शैली**

यस कथामा वर्णनात्मक शैली अपनाइएको छ ।

**छ. अभिप्राय**

प्रस्तुत दिदीबहिनीको कथामा प्रसस्तै अभिप्रायहरुको प्रयोग छन् । जस्तै भालुले सहयोग गर्नु, सुन छेर्नु भालुलाई बोक्नु आदि अभिप्रायहरु हुन् ।

## ४.५ गुनले गुन खान्छ

एउटा गाउँमा गरिब किसान बस्थ्यो । ऊ बेलुकीको छाक टार्न भनेर नाम्लो र वोरा लिएर घरबाट निस्क्यो । बाटोमा जंगल थियो । जंगलमा आगो लागेको रहेछ । एउटा ठूलो साँप आगोले आधा पोलेर घाइते हुन लागेको रहेछ । गरिब किसानले उक्त साँपलाई आफ्नो वोरामा हालेर पिठिउँमा बोकेर लिएर गयो अलि पर पुगेपछि साँपले टाउको बाहिर निकालेर भन्यो । गुनले गुन खान्छु म तँलाई खान्छु तब किसानले डराउँदै भन्यो, पख मैले तिम्रो ज्यान बँचाएको छु । तीन जनालाई सोध्छु जसले गुनले गुन खान्छ भनी तिमीले मलाई खाए हुन्छ भने तिमीले मलाई खानु । बाटोमा एउटा गाई भेटियो । किसानले गाईलाई साध्यो । गौमाता गुनले गुन खान्छ, गाईले पनि तुरुन्तै जवाफ दियो खान्छ । हेर न मैले मेरो साहुलाई दुध दिएर यति धनी बनाएँ, तर आज मलाई सबैले कुटेर निकालि दिए । किसानले साँपलाई

बोकेर केही पर पुगेपछि एउटा पीपलको बोट भेटियो त्यो बोट बुढो थियो । किसानले 'पीपल देव' गुनले गुन खान्छ त ? भनी सोध्यो तब पीपलले पनि खान्छ बाबु खान्छ भन्यो । हेर न म हरियो छँदा मानिस मेरो छहारीमा बस्थे आनन्द लिन्थे तर म बुढो भएपछि सबै मानिसहरूले जरा काटेर दाउरा बनाई घर लान्छन् । तब किसान निराश भएर अब एउटासँग मात्र सोध्न पाउने भएकाले उसको बाँच्ने आशा हराइसकेको थियो । बाटोमा एउटा स्याल भेटियो । किसानले स्याललाई सोध्यो गुनले गुन खान्छ त ? स्यालले भन्यो खान्छ पनि खाँदैन पनि । त्यो सुनेर साँपले वोराबाट मुन्टो निकालेर हेऱ्यो । स्यालले पनि बोरामा साँप रहेछ भन्ने जान्यो र भन्यो साँपभाइ गुनले गुन खान्छु, तिमी किसानलाई खान पाउँछौ तर तिमी बोरा भित्र कसरी पसेको फेरी एक पटक पसेर देखाऊ त ? तब साँपले टाउको बाहिर निकालेर फेरि बोराको पिँधमा टाउको पुऱ्यायो । बोराको पिंधमा टाउको पुऱ्याएको बेलामा किसानले बोरा भुइँमा राखेर नाम्लोले बोराको मुख बाँधिदियो । त्यसपछि स्यालले साँपलाई मारेर खाईदियो । सुन्नेलाई सुनको माला आइजाला । (स्रोत : अर्जुन घिमिरे वर्ष ३६ जीवनपुर -६)

## ५. गुनले गुन खान्छ कथाको विश्लेषण

### क. कथानक

प्रस्तुत कथा धादिङ्ग क्षेत्र नं. ३ अन्तर्गत धुनिवेशी क्षेत्रमा प्रचलित कथा हो । यस कथामा गाउँले किसान र एउटा दुष्ट सर्प बीच भएको संवादलाई कथा बनाइएको छ । कथामा किसानले सर्पलाई सहयोग गरे तापनि उसले किसानको सहयोग बिर्सी किसानलाई नै डस्न खोज्छ तथापि किसानले तीन जनासँग गुनले गुन खान्छ कि खाँदैन परीक्षा लिएर मात्र खान लगाउँछ । त्यसै समयमा दैव संयोग स्यालसँग भेट हुन्छ र उसले स्यालसँग आफ्नो समस्या राख्छ । स्यालले जुक्तिलाई

किसानको ज्यान बाचाइ सर्प मारेर खाइदिन्छ । कथाको प्रारम्भ, विकास अन्त्इ सुगठित एवम् स्वभाविक रहेको पाइन्छ ।

**ख. पात्र**

कथामा मानव र मानवेन्तर पात्रहरू प्रमुख रूपमा छन् । एउटा गरिब किसान कथाको प्रमुख पात्र छ भने दुष्टपात्रको रूपमा सर्प छ । उसले किसानलाई किसानको गुनको बदलामा डस्न खोज्छ अर्थात् गुनले गुन खान खोज्छ तर चलाख स्यालको जुक्ति अनुसार किसान बाँच्न सफल हुन्छ । स्याल दयावान तथा चलाख पात्रको रूपमा देखापर्दछ । गाई र पीपललाई पनि पात्र बनाइएको छ ।

**ग. परिवेश**

यो कथाको परिवेश गाउँले परिवेश छ । त्यसमा पनि जंगलको परिवेशलाई केन्द्रविन्दु बनाइएको छ । जंगलमा भेटिएको साँप र किसानको संवादद्वारा कथा अघि बढाइएको छ । जंगलमा भेटिएका गाई र पीपललाई समेत कथाको पात्र बनाइएको छ । स्यालको भूमिका साह्रै घतलाग्दो रहेको छ ।

**घ. उद्देश्य**

कथामा गुनले गुन खान हुँदैन भनी देखाउन खोजिएको छ । यदि गुनले गुन खान्छ भने मानव र प्राणीको अस्तित्व नै रहँदैन भनी देखाउन खोजिएको छ । दुष्ट प्रवृतिका व्यक्ति वा प्राणीलाई गुन लगाउन खोज्दा कुनै फइदा हुँदैन बरू उल्टै आफ्नै अस्तित्व समाप्त गर्नपट्टी रहन्छन् भनी देखाउन खोजिएको छ ।

**ङ. भाषा/शैली**

कथामा ग्रामिण सरल गाउँले भाषाकै प्रयोग गरिएको छ । गाउँका किसान र मानवेत्तर पात्रहरूको संवाद देखाइएको छ । यस कथामा वर्णनात्मक शैली अपनाइएको छ ।

## च. अभिप्राय

प्रस्तुत गुनले गुन खान्छ भन्ने कथामा प्रशस्तै अभिप्रायहरुको प्रयोग छ । जस्तै :जंगलमा सर्पले किसानसँग कुरा गर्नु, पीपलले किसानसँग कुरा गर्नु, गाईले बोल्नु, स्यालले जुक्ति पुऱ्याएर किसानको ज्यान जोगाउनु, स्यालले किसानलाई सहयोग गर्नु आदि अभिप्रायहरु हुन् ।

## ४.६ एक सन्त राजा र ठगको कथा

एकादेशमा एक जना सन्त राजा बस्दा रहेछन् । उनीसँग प्रशस्त सम्पत्ति थियो तर ठगले धेरै पटक राजाको सम्पत्ति ठगिसकेका रहेछन् । एक पटक घोडामा सवार भएर त्यसै ठगको खोजीमा हिँडेछन् । उता ठग पनि राजालाई ठग्ने सुरमा एउटा बुढो गोरुमा चढेर भगवान, शिवको भेष गरेर आउँदै रहेछ । जब ठगले राजालाई देख्यो तब उसले जय शिव शंकर भोले बाबा भन्दै बोलेछ । त्यसपछि राजाले आहो महात्मा ! कता हिँड्नु भएको भनेछन् । तब ठगले मेरा स्वर्गीय पितालाई भेट्न जाँदैछु भनी चल वलवैकुन्ठ भन्दै गोरु हिँडाएछ । राजा पनि पितृ भेट्ने रहरले आफु पनि वैकुण्ठ जान्छु भनेछन् तब ठगले प्रसस्त पैसामा राजालाई बुढो गोरु र आफ्ना त्रिशुल, डमरू र शिव भेषको लुगा बेची दिएछ । आफूचाँहि राजाको कपडा र घोडा लिएर हिँडेछ । राजा बुढो गोरु चढेर वैरागी पारामा हिँडेको देखेर सारा भारदारले सोधपुछ गर्दा राजा फेरि ठगिएको थाहा भयो अब फेरि राजाले ठगको खोजी गर्ने निधो गरे । तुरुन्तै सैनिक सहित हिँडे । उक्त ठग भने राजा आइरहेको बाटो निर एउटा नाङ्लो लिएर एउटी बुढीको साडी चोलो लगाएर मकै निफन्दै रहेछ । राजाले बुढी आमै यताबाट एउटा घोडा चढेर गएको मानिस देख्नु भयो ? भनी सोधेछन् । ठगले बुढीको स्वरमा खै ! बाबु देख्न त देखेको थिएँ तर नभन्नु भनेर फकाएको छ भनेछ तब राजाले भन्नुस, न आमै म प्रसस्त पैसा दिन्छु

भनेछन् । तब ठगले प्रसस्त पैसा लिएर ऊ यही बाटो गएको छ भनेछ । राजा गए पछि उसले बुढीको कपडा र नाङ्लो फाली एउटा माछा मार्ने जाल लिएर अर्कै बाटो राजा भन्दा पहिले गएर एउटा पोखरीमा माछा मारे जस्तो गर्दै रहेछ । राजा पनि त्यहीँ आइ पुगेछन्, राजाले भनेछन् । माझी दाइ यताबाट एउटा घोडा चढेको मानिस गएको देख्नु भयो ? तब ठगले भनेछ, सरकार खै मैले त देखिनँ । बरू मेरो एउटा भविष्य वाणी गर्ने माछा छ म त्यही समात्ने कोशिस गर्दै छु । यदि त्यो माछा भेटियो भने त्यसले भन्नेछ । राजा खुसी हुँदै भने, भै हाल्यो नि त माझी दाइ म तपाईको त्यो माछा मात्र होइन, यो पोखरी समेत किन्छु र सेना लगाएर आफै माछा समात्छु भनेछन् । तब ठगले प्रशस्त पैसामा एउटा पनि माछा नभएको पोखरी वेचेर हिँडेछ । सेनाले दिनभर खोज्दा पनि माछा फेला नपरेपछि राजालाई आफू ठगिएको थाहा भएछ र दरबार फर्केछन् । ठग भने राजाको सम्पत्तिले महाजन बनी सकेछ । एक दिन फेरि राजालाई नै ठग्ने सुरले आफ्नी एकदम राम्री बत्तीस लक्षणले युक्त छोरी छ भन्ने हल्ला दरबारमा पुऱ्याएछ । यस पटक राजकुमार उक्त कन्या हेर्ने सुरले त्यो ठगको घरसम्म आएछन् । ठगले राजकुमारलाई आफ्नो घरमा बन्द गरेर राखेछ र राजालाई राजकुमारले केटी मन पराए भनेर खबर पठाएछ । राती आफ्ना मान्छे लगाएर राजकुमारको हत्या गरेछ र टाउको लिएर त्यो देश छोडेर भागेछ ।राजा छोरा भेट्न आउँदा उसलाई मारेको देखेर साह्रै दुःखी भएर राज गुरुसँग सल्लाह लिन गएछन् । राजगुरूले कुनै उपायले पनि ठग पत्ता लगाउन नसके पछि मरेका राजकुमारको शरीर जलाउँदा अवश्य पनि त्यो ठग टाउको लिएर आउँछ र ठग समातौला भनेर सम्झाई बुझाई गरेछन् । किनभने टाउको र शरीर एकै ठाउँमा जलाउनु पर्दछ भन्ने सबैलाई विश्वास थियो । ठगले पक्कै पनि टाउको ल्याउँछ भन्ने कुरामा सबै ढुक्क थिए । देशभर मरेको राजकुमारको दाहसंस्कार गर्ने भनेर हल्ला गरियो र घाटमा मृत शरीर लगेर पोल्न लागियो तर राजकुमारको टाउको लिएर

कोही पनि आएन । सबैजना त्यसको बाटो हेर्दै थिए । उक्त ठगलाई भने शरीर र टाउको एकै ठाउँमा पोल्नु पर्दछ भन्ने थाहा थियो तर टाउको लिएर जाँदा समात्छन् भनेर त्यो टाउको फुकाएर मसिनो टुक्रा बनाई पिठो हालेर पिंधेर एउटा वाक्लो रोटी जस्तो बनायो । देख्दै डरलाग्दो कालो धसेर लट्टा पालेर जोगी जस्तो बनी चितामा रोटी पोल्न हाल्यो सबैले रोटी पोल्न दिएनन् तर जोगीले भोक लागेको छ, रोटी पोल्न देऊ भनेर रुन लाग्यो र रोटी चितामा हाल्यो । एकछिनपछि शरीरसँगै टाउकोको रोटी पनि पोलियो । ठग हाम्रो रोटी उड्यो भनेर रुन थाल्यो । राजाले उसलाई फकाएर भागे अनि पैसा दिएर केही किनेर आऊ भनी बिदा गरे । यस पटक पनि राजा फेरि ठगिए । सुन्नेलाई सुनको माला........ (स्रोत : मुना सुवेदी वर्ष १८ जीवनपुर ५)

## ६. एक सन्तराजा र ठगको कथाको विश्लेषण

### क. कथानक

प्रस्तुत कथा धादिङ्ग क्षेत्र न. अन्तर्गत प्रचलित लोककथा कध्ये एक हो । यस कथामा एकजना सन्तराजा र एउटा ठग बीचको विभिन्न ठाउँमा ठगी भएको घटनालाई प्रस्तुत गरिएको छ । कथामा एक जना राजालाई एउटा ठगले धेरै पटक कुनै न कुनै उपायले ठगेको छ । यसरी ठग्दा राजकुमार समेत मारेर सिध्याइसकेको छ । अन्तमा राजाले ठगलाई केही गर्न नसकेको घटनामा नै कथा टुङ्गीएको छ । कथाको प्रारम्भ, विकास र अन्त्य सुगठित पाइन्छ ।

### ख. पात्र

यस कथामा प्रमुख पात्रका रूपमा राजा र एउटा ठग रहेका छन् । गोठ पनि पात्रका रूपमा कथामा देखापर्दछ । ठगले विभिन्न पात्रहरूको रूपमा आफूलाई प्रस्तुत गर्दछ । जस्तै : माझीको रूपमा, बुढी आइमाईको रूपमा, जोगीको रूपमा आदि

सैनिकहरू पनि सहायक पात्रका रूपमा रहेका छन् । केही गरी पनि समात्न नसक्ने ठग भने चलाख पात्रको रूपमा रहेको देखिन्छ ।

**ग. परिवेश**

प्रस्तुत कथाको ग्रामीण र दरबारिया परिवेशको चित्रण गरिएका छ । राजासँग सम्बन्धित घटनामा प्रस्तुत गरिएको छ । राजाले दरबारीया परिवेशमो छ । गाउँले परिवेश अन्तर्गत ठगले माछा मार्नु, बुढी आमै बनेर पसल गर्नु इत्यादि राजा, राजकुमार र सैनिकहरूले भने दरबारीया परिवेशलाई बुझाएको छ । राजाहरू दरबारीया घोडामा चढेर राज्यको भ्रमण गर्ने कामहरू दरबारीया परिवेशका हुन् ।

**घ. उद्देश्य**

यस कथामा एउटा ठगले समाजका हरेक व्यक्तिलाई सजिलै ठगेर हिँड्न सक्ने देखाएको छ । उसले अरूलाई त ठग्नु सक्छ नै तर राजालाई समेत उसले सजिलै ठगेको देखाएको छ । जसले राजालाई सजिलै ठगेर राजकुमार पनि मारिदिएको छ । राजाले जतिसुकै उपाय लगाएर पनि ठगलाई समात्न नसक्नुले ठग अत्यन्तै चलाख हुन्छन् भन्ने देखाएको छ । ठगलाई समाजमा अत्यन्तै तल्लो वर्गको व्यक्ति देखाएको छ जसले जस्तोसुकै अपराध पनि गर्न सक्छ भन्ने सन्देश यस कथाको छ ।

**ङ. भाषा /शैली**

यस कथामा ग्रामीण र दरबारिया भाषाको प्रयोग गरिएको छ । भाषा सरल र लोकभाषाको प्रयोग गरिएको छ । कथामा भन्न खोजिएका कुराहरू प्रष्ट छन् । विशुद्ध लोक भाषाको प्रयोग छ । प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

**च. अभिप्राय**

यस सन्त राजा र ठगको कथामा पृथ्वीबाट स्वर्गको पितृहरूसँग कुरा गर्नु र देख्नु, पोखरीको माछाको भविश्यवाणी गर्छ भनी पत्याउनु आदि अभिप्रायहरू छन् ।

## ४.७ ठग रामसिंहको कथा

एकादेशमा एउटा रामसिंह भन्ने ठग थियो । ऊ केही पनि काम गर्दैनथ्यो । ऊ एक दिन एउटा साहुकोमा काम गर्न गएछ र साहुलाई वाचा गरेछ । तपाईले मलाई निकाल्न पाउनु हुन्न तर जति गाह्रो काम लगाउन पनि सक्नु हुनेछ । म आफैं गए भने मात्र जान्छु, निकाल्न खोज्नुभयो भने तपाईको दुवै कान काटेर लान्छु । साहुले पनि मञ्जुर गरेछ किन कि जति गाह्रो काम पनि गर्छु भनेको थियो । एक दिन साहुले रामसिंहलाई काम अह्राएछ । गोरु लिएर जाऊ, तीन मुरी तोरी छर, एक भारी दाउरा र मासु पनि सिकार गरी बेलुकी घरमा ल्याउनू । रामसिंह गारु लिएर हिँडेछ । एउटा सियोमा सबै तोरी हालेछ र गोरु फुकाएर दिनभर सुतेछ । बेलुकी हलो काटेर दाउरा बनाएछ र आफुसँगै गएको कुकुर काटेर मासु बनाएछ र घर आएछ । साहुले मासु पकाएर खान बोलाउदा मलाई ? लागेकोले खान्न भनी सुत्न गएछ । साहुले मासु खाएर हाड खुवाउनु कुकुरलाई चेहीभनेछ उक्त रामसिंह ओछ्यानबाट तैले खाएको त्यही त्यही भन्दो रहेछ । साहु भोलिपल्ट हेर्न जाँदा तोरी एकै सियोमा हालेको हलो काटेर दाउरा बनाएको र आफूलाई कुकरको मासु खुवाएकोमा रिसाएछ । तर निकालौं भने दुवै कान काटेर दिनुपर्छ ननिकालौं भने यसले धेरै विगार गर्ने भो भनी दुःखी भएछ । साहुले सँगै ससुराली लाने र बाटोमा बास बस्दा गुडाएर मार्ने विचार गरेछ । साहु ससुराली जान भनेर रिवर सेल पकाई रामसिंहलाई साथी लिएर हिँडेछ । राती वास बस्दा साहुले भिर माथिको बाटोमा कपडा फुकालेर सिरान हाली सुतेछ । रामसिंहलाई राती भिरबाट गुडाएर मारौला भनी खुट्टा मालिस गर भनेछ । साहु निदाएछ  बल्ल साहु निदायो भोर खिर, सेल रामसिंहले खान थालेछ । खुट्टा मुनि आफू जस्तै बनाएर साहुँको कपडाको पोको राखेछ । साहु विउँझिएर रामसिंह भन्ने सम्झी एक लात हानेर भिरबाट गुडाएछ । बल्ल खाइस् त रामसिंह भनेछ । रामसिंह पनि नजिकै थियो । उसले खिर सकेर

सेलमा थाले भनेछ । साहुले त आफ्नै लगाको पोको पो गुडाएछ । साहुले भोलिपल्ट घर फर्कौ भन्दै थियो तर रामसिंह म सबै व्यवस्था मिलाउँछु, ससुरालीमा नै जानुपर्छ भनी जिद्धी गऱ्यो । साहु जुत्ता, मोजा र कटु मात्र लगाएर साहु रामसिंहको पछि-पछि ससुराली गयो । त्यहाँ पुगेपछि सबै अचम्ममा परे । रामसिंहले भित्र गएर हजुरहको ज्वाइँ त पागल हुनु भएको छ, नाङ्गै हिँड्छन्, मकैको खोले मात्र खान्छन, भुँइमा बस्छन् । ससुरालीमा पागल ज्वाइँ भनेर कुनै कुराको पनि व्यवस्था भएन । खाना खाँदा मकैको खोलि दिए रामसिंहलाई ओछ्यानको व्यवस्था थियो तर ज्वाइँलाई केही व्यवस्था थिएन । भुइँमा सुतेकाले पेट दुख्यो । भोलिपल्ट सबैभन्दा पहिला साहुलाई नै दिशा आयो । रामसिंहलाई उठ्न रामसिंह बत्ती बाल भन्यो तर रामसिंहले तल अँगेनामा गर्नु म सोरौला भन्यो । साहुलाई दिशा आइ सकेकोले अँगेनामा नै गऱ्यो । उक्त रामसिंहले ससुरालाई बालायो र भन्यो तपाइँको ज्वाइँ साच्चै पागल भइ सक्नुभयो । अँगेनामा दिशा गर्दै हुनुहुन्छ । सासू उठेर हेर्दा त झन् लाजले ज्वाइँ बोल्न सकेन, घरगएपछि बदला लिने सुरमा साहु घर जान लाग्यो । रामसिंह पछि लाग्यो । त्यसै रात घरमा साहुको छोराले दिशा आयो भनेछ, साहुले रामसिंहलाई जा गराएर लेरा भनेछ । रामसिंह धुरी देखाएर बच्चालाई दिशा गरिस, भने काट्छु भनेर तर्सायो र त्यसै ल्यायो । एक दिनपछि बच्चाले फेरि दिसा लाग्यो भन्यो र रामसिंहले उसै गरी तर्साएर ल्यायो यसरी धेरै पटक दिसा आयो भनी छोराले भनेपछि साहु रिसाएर जा रामसिंह यसको भुंडी पर्काएर लेरा भनेछ । रामसिंहले बाहिर लगेर बच्चाको भुँडी काटेर फर्काएर ल्यायो । साहुको रिसको सिमा रहेन आफ्नो हुँदै कान काटेर रामसिंहलाई दिइ घरबाट निकाल्यो । सुन्नेलाई सुनको माला ........... (स्रोत : सुनिता उप्रेती वर्ष २४ जीवनपुर ५ धादिङ)

## ७. ठग रामसिंहको कथाको विश्लेषण

### क. कथानक

प्रस्तुत लोककथाको क्षेत्र नं. ३ को धुनिवेशी क्षेत्रमा प्रचलित छ । यस कथामा रामसिंह भन्ने व्यक्तिले आफ्नो साहुलाई अनेक दुःख दिएको वर्णन गरिएको छ । कथामा रामसिंह चलाख व्यक्ति छ । उसले आफ्नो साहुलाई ठगिरहेको हुन्छ । साहु पनि कसरी रामसिंहलाई तह लगाउने भन्ने सोचिरहेको हुन्छ । कसरी जति सोचे पनि र जति योजना साहुले बनाए पनि अन्तमा रामसिंह चलाख भएको कारण साहुका योजना चकनाचुर हुन्छ बरू आफ्नै योजनामा ऊ फस्न पुग्छ । रामसिंहको ठगीको कुनै सीमा रहँदैन जसले साहुको साह्रै वेइज्जत पनि गरिदिन्छ जसबाट साहु निकै रिसाउँछ र आफ्नो पूर्व शर्त अनुसार आफ्ना दुवै कान काटेर रासिंहलाई दिन्छ र विदा गर्छ । कथाको प्रारम्भ, विकास र अन्त्य रोचक र सुगठित भएको देखिन्छ ।

### ख. पात्र

प्रस्तुत कथामा रामसिंह र उसको साहु प्रमुख पात्रका रूपमा हुन्छन् । रामसिंह गरिब तर चलाख पात्र हो भने उसको साहु शोषक प्रवृत्तिको पात्र हो । उसले रामसिंहलाई दुःख दिन खोज्छ तर आफै ठगिन्छ । साहुका सामु ससुरा सहायक पात्रका रूपमा छन् भने गोरु साहुका छोरो, कुकुर पनि पात्रका रूपमा राखिएको पाइन्छ । साहु शोषक भए पनि अन्तमा उसकै हार देखाइएको छ ।

### ग. परिवेश

यस कथामा गाउँले परिवेशलाई देखाइएको छ । रामसिंह गाउँले मानिस हो । ऊ नोकरी गर्न अर्को गाउँमा गएको छ । साहु पनि गाउँले परिवेश कै देखिन्छ । हलोजुवा खेतबारी आदिले पनि गाउँकै परिवेश देखाउँछ ।

### घ. उद्देश्य

यस कथाले शोषक वर्गका व्यक्तिलाई कसरी झुकाउन सकिन्छ भनी सन्देश दिन खोजिएको छ । एउटा काम गर्ने नोकरले पनि आफ्नो साहुसँग कसरी आफ्नो सर्त पूरा गराउन सक्छ भन्ने सन्देश यस कथाले दिन खोजिएको छ ।

### ङ. भाषा /शैली

यसमा प्रयुक्त भाषाहरु सरल, ग्राम्य र बोधगम्य रहेको पाइन्छ । कथामा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ ।

### छ. अभिप्राय

प्रस्तुत ठग रामसिंहको कथामा प्रशस्तै अभिप्रायहरूको प्रयोग छ । जस्तै : एक मुरी तोरी एकै दिनमा छरिस रामसिंहलाई साहुले कानकाटेर दिनु, साहुको छोराको आन्द्राभुँडी फर्काउनु र पनि छोरो जीवितै हुनु आदि अभिप्रायहरू हुन् ।

## ४.८ राजकुमार र राक्षसको कथा

एकादेशमा पाँचजना राजकुमारहरू थिए । तिनीहरू परदेश हिँडेका थिए । परेदेश हिँडनका उद्देश्य के थियो भने उनीहरूले ज्ञान हासिल गरी आफ्नो मुलुकको मलाई गर्नु थियो । यसै क्रममा राजकुमारहरू बाटोमा जाँदै थिए । बाटोमा उनीह बोराकारूले एकजना मानिस सुंगुर बोकेर आइ रहेको देखे । संगुर कहिले हिँड्थ्यो त कहिले घिच्याउन पर्थ्यो । राजकुमारहरूले त्यो हालत देखि हाँसो उठ्यो र उनीहरुले संगुर बोक्ने मान्छेलाई झुक्याउँदै ए दाइ तिम्रो घरमा राती चोरी भएछ । तिम्रो जहानले जहाँ हाम्रो बुढोलाई भेट्नुहुन्छ त्यहीँबाट जतिसक्दो चाँडो घर पुग्नु भनी भनेकी छन् भनेर राजकुमारहरुले भनेपछि त्यो संगुर बोक्ने मान्छे पनि संगुर छोडेर भाग्यो त्यसपछि राजकुमारहरुले त्यस संगुरको पाठोलाई लिएर गए । त्यहाँबाट जाँदाजाँदा राजकुमारहरुले एउटा बावियोको भारी लिएर आउने आइमाईलाई भेटे ।

उनीहरुले ती आइमाईलाई दिदी तपाईको घरमा भैसी पुररिहेको रहेछ । भैसी फुकेर सारा तोरीबारी मासीसक्न लाग्यो, भनेपछि ती आइमाई पनि घाँसको भारी छोडेर गईछन् । राजकुमारहरुले एउटा बिहेको जन्ती आइरहेको देखे । जन्ती आईसकेको थियो । राजकुमारहरूले लौ तिमीहरूको घरमा त आगलागी भई सम्पूर्ण सामानहरू देखि लिएर घरैमा जलेर खरानी भइसकेको छ भनेर भनिदिए पछि बाजागाजा छोडेर दमाईहरू दौडे । राजकुमारहरूले बाजागाजा लिएर हिँडे । केही पर पुगेपछि दहीको ठेकी लिएर आइरहेको मान्छे सँगभेट भयो । त्यससँग पनि राजकुमारहरूले तिम्रो घरमा बुबा साह्रै विरामी भएका छन्, छिटो जाऊँ भने त्यो सुनी दही बोक्ने मानिस हतार-हतार दही छोडी खबर ल्याइदिएकामा धन्यवाद भनी घरतिर दौडियो । राजकुमारहरूले दही पनि लिएर त्यहाँबाट हिँडे । धेरै पर पुगेपछि उनीहरूले बास बस्ने विचार गरे, साँझ परिसकेकोले उनीहरूले एउटी बुढी आमाको गई बास मागे । बुढी आमाले यहाँ त सधैँ एउटा राक्षस भाइ बास बस्छ । उसले मेरा सबै सन्तानलाई खाइसक्यो । आज राती मेरो पालो छ भनिन् । यो सुनेर राजकुमारहरूले हामी यहाँ बस्छौं र त्यो पापी राक्षसलाई धपाउँछौं भने बुढी आमैले पनि भनिन् । बुढी आमैले राजकुमारहरूलाई सुत्ने ओछ्यानको व्यवस्था गरी सुतेका मात्र के थिए । राक्षस आइपुग्यो । राक्षसले बुढीलाई हकार्दै ए बुढी यहाँ त अरू मनुवाहरूपनि आएर बसेका छन जस्तो छ नि को हुन तिनीहरू भन्यो । बुढी आमै चुप लागिन् । राजकुमारहरूले हामी राजकुमारहरू तँलाई खान आएका भनेछन् । तिमीहरूले मलाई खान सक्दैनौ । किन कि म धेरै ठूलो छु भनेर राक्षसले भनेछ । राजकुमारहरूले लौ ठूलो भए तेरो भुँडी बजाए भनेछन् । राक्षसले भुंडी बजाएछ त्यति ठूलो आवाज आएनछ, त्यसपछि राक्षसले तिमीहरूको भूँडी बजाएर सुन त भनेछ राजकुमारहरूले अघि ल्याएको दमाईको दमाहा बजाएर सुनाएछ । त्यसपछि त राक्षस अचम्ममा परेछ । राजकुमारहरूलाई त्यसो भए अब तिनीहरूका दाह्रा देखाओ त भनी राक्षसले

भनेछ, राजकुमारहरूले नरसिङा देखाइदिएछन्, राक्षस अचम्ममा परेछ । त्यसपछि राक्षसले त्यसो भए तिमीहरूका सिंगान निकालेर देखा त भनेपछि राजकुमारहरूले अघिको दही देखाइदिए छन् । राक्षसले तिमिहरूको कपाल देखा त भने पछि राजकुमारहरूले अघि बाटोमा ल्याएको वावियो देखाइ दिइ छन, अब तिनिहरूका कान वजा त भने पछि राजकुमारहरूले सुनाई बजाइदिएछन् । राक्षसलाई पनि राजकुमारहरूले कान वजाउन, दाह्रा देखाउन लगाए पनि राजकुमारहरूको जस्तो गर्न सकेनछन् । अनि राजकुमारहरूले राक्षसलाई ल अब तेरो जुम्रा देखा त भनेछन् । राक्षसले एउटा जुम्रा निकालेर देखाएछ तर राजकुमारहरूको पालो लौ हेर हाम्रो जुम्रा भनेर सुंगुरको पाठो वाहिर फाली दिएछन् । संगुर राक्षसको पछि पछि लागेछ राक्षस पनि त्यहाँ बाटो दौड्दै भागेछ , कहिल्यै बुढीको घरमा आएनछन् । राजकुमारहरू आ-आफ्नो बाटो  लागे ।  सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला

(स्रोत : भगवती बजगाई वर्ष ३५ जीवनपुर -६ धादिङ)

## ८. राजकुमार र राक्षसको कथाको विश्लेषण

### क. कथानक

प्रस्तुत कथा धादिङ्गको क्षेत्र नं. ३ मा प्रचलित लोककथा मध्य एक हो । यस कथामा पाँचजना राजकुमार र एउटा राक्षस बीच भएको संम्वादलाई कथा बनाइएको छ । कथामा भारी बोक्ने मानिस संगुरको पाठो बोक्ने मानिस, बुढीआमा कथाका सहायक पात्रहरू हुन् । विहेमा आउने जतिपनि सहायक पात्रहरूको भूमिकामा पर्दछन् । राजकुमारहरूले शिकार खेल्न जाँदा बारामा घटेका घट्नाहरूले कथाको रूप लिएको छ । कथाको विषयवस्तुमा राक्षसलाई संवाद र जुक्तिको भरमा लखेट्ने काम राजकुमारहरूले गरेका छन् । कथाको प्रारम्भ, विकास र अन्त्य सुगठित देखिन्छ ।

## ग. पात्र

यस कथामा प्रमुख पात्रहरू पाँचजना राजकुमार र एउटी बुढीआमाको घरमा आउने गरेको राक्षस हो । ऊ वेला वेलामा आएर बुढीआमाको सम्पूर्ण सन्तान सिध्याइसकेको हुन्छ । बुढी आमा र पाँच जना रामकुमार पछिको महत्त्वपूण पात्र राक्षस नै हो । जन्ती, दुलहा, दुलही, बावियो बोक्ने मान्छे, सुंगुर डोऱ्याउने मन्छे सहायक पात्र हुन् ।

## घ. परिवेश

यस कथाको परिवेश ग्रामीण समाजको कुनै एउटा घरमा घटेको घटना हो । त्यसैगरी जन्ती, दुलाहा, दुलही, वावियो बोक्ने मान्छे सबैका संवादले कथा ग्रामीण परिवेशको नै हो भन्ने बुझिन्छ ।

## ङ. उद्देश्य

यस कथाले जुक्ति बुढीका सामु शक्ति टिक्दैन भन्ने उक्तिलाई देखाउन खोजिएको छ । पाँचजना राजकुमारहरूले आफ्नो संकलित वस्तुहरूद्वारा राक्षसलाई हटाएर आफ्नो र बुढीआमैको संरक्षण गरेको उल्लेख छ । मौकामा जुनसुकै वस्तुले पनि काम गरेको देखाउन खोजिएको छ । जस्तै बावियो, सुंगुर बाजा इत्यादि ।

## च. भाषा /शैली

प्रस्तुत कथामा ग्रामीण भाषा प्रस्तुत गरिएको छ । राजकुमारहरूले पनि बुढी आमासँग ग्रामीण भाषा नै प्रयोग गरी संवाद गरेको देखाइएको छ । कथामा वर्णनात्मक शैली अपनाइएको छ ।

### छ. अभिप्राय

प्रस्तुत राजकुमार र राक्षस कथामा थुप्रै अभिप्रायको प्रयोग पाइन्छ । जस्तै सुंगुरलाई जुम्राको रूपमा, वावियोलाई कपालको, वाजालाई नाक बजाएको भुडीबजाएको पत्याउनु, दहिलाई सिँगान भनी पत्याउनु, राक्षस भेटिनु, राक्षस राजकुमारसँग बाट भाग्नु आदि अभिप्रायहरू हुन ।

## ४.९ फर्सीको कथा

एकादेशमा बुढाबुढी बस्थे रे । तिनीहरूका कुनै सन्तान थिएनन् । बुढाबुढी दिनभर खेतबारीमा गएर काम गरेर घर आउँथे । साँझ परेपछि रुखसुखा जे छ त्यही खाएर सुत्थे, उनीहरुमा एउटा पिरले घर बनाएको थियो । त्यो के भने उनीहरूका कुनै सन्तान थिएनन् । जति दानधर्म गरे पनि सन्तान नभएकोले उनीहरू दिक्क थिए । बुढा सधै झैँ गोरु र हलो लिएर खेतमा जोत्न गएका थिए । बुढीले दिउँसो रोटी पकाएर अचार बनाई बुढालाई खेतमा खाजा पुऱ्याउन जान लाग्दा आमा ! म खाजा पुऱ्याउन जान्छु भन्ने शब्द सुनियो । बुढी छक्क परिन, आफ्नो कुनै सन्तान छैन कसले आमा भनेर बोलायो भनी बुढी एक दिन जिल्ल परिन् । बुढीको छानामा फर्सीको लहरा गएको थियो । त्यही लहरामा फलेको एउटा साह्रै राम्रो फर्सीले यो उनलाई आमा भनेको रहेछ । फर्सीले आमा मलाई तल झार्नुहोस् भन्यो र बुढीले छानाबाट फर्सी टिपिन्, त्यो फर्सीले बुबालाई खाजा पुऱ्याउन म जान्छु भन्यो, बुढीले नै कसरी लैजान्छस् भनी सोधिन् तर फर्सीले म जसरी भए पनि लैजान्छु, मेरो भेटुनामा खाजा झुन्ड्याइदिनुहोस् भन्यो । बुढीले खाजा झुन्ड्याइदिएपछि फर्सी खाजा लिएर हिँड्यो । बुढा पनि फर्सीले खजा ल्याएको देखेर छक्क परे । फर्सीले बुढालाई बा आजदेखि म गोरु जोत्छु भन्यो । तँ कसरी जोत्छस् भन्दा फर्सीले म भेटुनालाई अनौमा बाँधीदिनुहोस म गोरु जोत्छु भन्यो । बुढाले पनि त्यसै गरे । बुढा र बुढीलाई फर्सी छोराले काम निकै सघाएको थियो । एक दिन फर्सीले बुढाबुढीसँग म अब बिहे

गर्छु भन्यो । त जस्तो फर्सीलाई कसले छोरी दिन्छ भनी बुढाबुढीले भने तर फर्सीले म तँ राजाकी छोरीसँग बिहे गर्छु भन्यो र एक दिन नभन्दै फर्सी राजाको छोरी माग्न दरबारमा गयो । राजाले फर्सीलाई उप्काए तर राजाकी छोरीले भने फर्सीसँग बिहे गर्न राजी भइन् । एक दिन धुमधामसँग बिहे पनि भयो । फर्सी र राजकुमारी एक दिन बगैचामा फलफुल हेर्दै हिँडिरहेका थिए । त्यतिकैमा फर्सीले राजकुमारीलाई कुन सुन्तला टिपि दिऊँ भनी सोध्यो । राजकुमारीले तपाईले टिप्न सक्नु हुन्न, म आफै टिप्छु भनिन् तर फर्सीले ढिपी गरेर सुन्तला टिप्न रूखमा चढयो र तल खस्यो । फर्सी फुट्यो । राजाकी छोरीले हेर्दा हेर्दै फर्सी त एउटा सुन्दर राजकुमार भई राजकुमारीका अगाडि उभियो । यो देखेर राजकुमारी लगायत राजपरिवारका सबै सदस्यहरु खुश्री भए, राजाले फर्सी राजकुमारलाई राज्य सुम्पी आफू आनन्दले रहे । (सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला (स्रोत : गीता पौडेल उमेर १५ जीवनपुर -५)

## ९. फर्सीको कथाको विश्लेषण

### क. कथानक

प्रस्तुत लोककथा धादिङ्गको क्षेत्र नं. ३ मा प्रचलित कथा मध्ये एक हो । यस कथामा एउटा गाउँकी बुढीको छानामा फलेको फर्सीले बुढीलाई आमा र बुढालाई बा भन्दै मान्छेको भाषा बोलेको कथाबाट शुरू गरिएको छ । फर्सीले बुढाबुढीलाई काममा सहयोग गरेको छ तैपनि बुढाबुढीले उसका कामहरु त्यति पत्यार गरेको छैनन् । नारीमा खाजा पुऱ्याउने, गोरू जोत्ने देखि लिएर राजाकी छोरीसँग विवाह गर्नेसम्मका कामहरू फर्सीले गरेको पाइन्छ तर एक दिन आफ्नी श्रीमतीको आग्रहमा सुन्तला टिप्न रूख चढ्दा लडेर सुन्दर राजकुमार भएको कथा यसमा वर्णित छ । कथा अति .....छ यसको आरम्भ, विकास र अन्त्य कौतुहल हुनाका साथै रोमाञ्चक बन्न पुगेको छ ।

## ख. पात्र

यस कथाको प्रमुख पात्र मानवेतर वस्तु फर्सी रहेको छ । फर्सी आरू फलेको छ । त्यसघरका मान्छेलाई बा आमा भन्छ । त्यस घरका बुढाबुढी सहायक पात्रको रूपमा रहेको देखाइएको छ । फर्सीलाई मानवीकरण गरी असम्भव काम पनि गर्न सक्ने पुरुषार्थीका रूपमा गरिएको छ ।

## ग. परिवेश

यस कथामा गाउँले परिवेश देखाइएको छ । छानामा फर्सी फल्नु, गोरू जोत्नु, बारीमा खाजा पुऱ्याउनु, यी सबै ग्रामीण परिवेशका झलक हुन् । दरबारिया परिवेश पनि केही मात्रामा समावेश गरिएको छ । जस्तै राना, उसकी छोरी आदि ।

## घ. उद्देश्य

यस कथाको उद्देश्य असम्भव भन्ने कुरा केही छैन भन्ने देखाउन खोजिएको छ । एउटा किसानको हाँगामा फलेको फर्सीले राजाको छोरी सँग विवाह गरी दुलही ल्याउनु असम्भव जस्तो देखिन्छ तर फर्सीले सो काम फत्ते गरेको पाइन्छ । कुनै दैवी शक्तिले सुन्दर युवकलाई फर्सीमा परिणत गराउन सक्छ भन्ने पनि कथाको उद्देश्य रहेको पाइन्छ ।

## ङ. भाषा /शैली

प्रस्तुत कथामा ग्रामीणे सरल ग्राम्य, बोधगम्य भाषा पाइन्छ । यस कथामा वर्णनात्मक शैली प्रयोग गरेको पाइन्छ ।

## च. अभिप्राय

यस कथामा पनि अभिप्रायहरूप्रशस्तै छन्, जस्तै : फर्सीले वोल्नु, फर्सीले गोरु जोत्नु, खाजा पुऱ्याउनु, फर्सीको विहे राजकुमारीसँग हुनु, राजकुमारको रूपमा फर्सी परिर्वतन हुनु आदि अभिप्रायहरू छन् ।

## ४.१० बाँदर मरेको कथा

एकादेशमा एउटा कामी बुढा थिए । उनी सधैँ वनमा गएर गोल पोलेर ल्याउँथे । गोल ल्याएर आरन चलाउँथे । एक दिन उनी वनमा गोल पोल्न लागेका थिए । रूख माथि रहेको एउटा चिवे चरा उफ्री कराई रहेको थियो । बुढा कामीलाई भने चिवे चराले जिस्क्याएको जस्तो लागेछ । उसले चिवेलाई समात्ने उद्देश्यले रूखमा चढ्यो । बुढो शरीर भएका कारणले ऊ रूखबाट खसी आफैले पोलेको गोलमा परी पाकेछ । घरमा कामीका छोराहरूले बाबु खोज्न हिँड्ने विचार गरी वनतिर लागे । वनमा छोराहरूले बाबु गोलमा परी पाकेको त देखे तर उनीहरूले आफ्नै बाबु हुन् भन्ने विचार नगरी अस्ति हराएको मुखियाको राँगो यही गोलमा परेर पाकेछ भनी सबै छोराहरूले बाँडेर खाएछन् । यो कुरा उनीहरु बीचमा मात्र गोप्य राख्ने सल्लाह पनि गरेछन् । त्यपछि फेरि उनीहरू बाबुको खोजीमा लागे । धेरै पर पुगेपछि जेठो छोराले एउटा निकै नै पहिला मरेको बाँदर फेला पारेछ । त्यो देखि ऊ आत्तिएर आफ्ना सबै भाइहरूलाई बोलाएछ । निकै नै पहिला मरेको बाँदर आफ्नै बाबुजस्तो देखि एकले सबै भाईले आफ्नै बाबु मरेको फेला पारेको भन्ठानेर आ-आफ्नो शिरको टोपी फुकालेछन् । कान्छो भाइले मन थाम्न नसकेर रून लागेछ । उसले रूँदा के भनेछ भने मर्न एक दिन सबै मर्नुपर्छ तर हाम्रो बाले के पाप गर्नु भएछ र मर्ने बेलामा पुच्छर उमेर मरेछन् । (सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला (स्रोत : सविना बजगाई उमेर १३ जीवनपुर -६)

## १०. बाँदर मरेको कथाको विश्लेषण

### क. कथानक

प्रस्तुत कथा धादिङ्ग जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित लोककथा मध्ये एक हो । यस कथामा बाँदर एउटा कामी बुढो गोल पोल्न जाँदा चिवे चरोले जिस्क्याएको कथाबाट कथा शुरू भएको छ । चिवेलाई मार्न रूख चढ्दा आफै रूखबाट खसी गोलमा परी मर्छ, त्यहीँ पाक्छ, उसका छोराहरूले खोज्दै जाँदा भेटाएर आफ्नै बाबुलाई खाइसक्छन् र पछि एउटा मरेको बाँदरलाई भने बाबु सम्भेर रून थाल्दछन । कथा यसैमा टुङ्गिन्छ । कथाको प्रारम्भ, विकास र अन्त्य कौतुहल प्रधान तथा सुगठित देखिन्छ ।

### ख. पात्र

यस कथाको पात्र भन्नाले कामी बुढो नै हो, त्यसपछि उसका छोराहरू सहायक पात्र हुन । कथामा आएका मरेको बाँदर, चिवेचराहरूको पनि कथामा महत्त्वपूर्ण भूमिका छ । मानिस र ............ पात्रहरुको संयोग गराई निष्क्रिय गरिएको प्रस्तुत कथा पात्र चयनका दृष्टिले मिश्रित प्रवृतिको देखिन्छ ।

### ग. परिवेश

यो कथा ग्रामीण परिवेशकै वर्णन गरिएको पाइन्छ । चिवे चरो, गोल पोल्ने काम आदि ग्रामीण भेगमै प्रचलित छन् । गोल पोल्ने काम वनमा भएको छ । त्यसैगरी बाँदर पनि वनमा नै मरेको देखाएको छ । कामीका छोराहरूले बोलेका भाषाहरू पनि ग्रामीण परिवेश कै छन् ।

### घ. उद्देश्य

यस कथाको उद्देश्य भन्नाले चाहिँदो भन्दा बढी फुर्ती गऱ्यो भने मान्छे आफ्नो काल आफै निम्त्याउँछ भन्ने हो किन कि कामी बुढो आफै फुर्ती गरेर रूख चढदा

लडेर मऱ्यो, त्यसैगरी सोचविचार नगरी जे पायो त्यही गर्दा कामीका छोराहरूले बाबुलाई चिन्न नसकेका घटना पनि यस कथामा छ ।

**ङ. भाषा /शैली**

यस कथामा सरल बोधगम्य भाषाको प्रयोग गरिएको पाइन्छ । कथामा कामीका छोराहरूले प्रयोग गरेका भाषा विशुद्ध ग्रामीण प्रवृतिको पाइन्छ । कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

**च. अभिप्राय**

यस कथाका अभिप्रायहरू अध्ययन गर्दा बाँदरलाई कामीका छोराहरूले बाबु ठान्नु, बाबुलाई नचिनेर कामीका छोराहरूले बाबुलाई खाइसक्नु, साहुको पुच्छर उम्रेर मरेको भनी कामीका छोराहरूले पत्याउनु आदि अभिप्रायहरू छन् ।

**४.११. स्यालको कथा**

एकादेशमा बुढा र बुढी बस्थे तिनीहरुका कुनै सन्तान थिएनन् । बुढा र बुढी दुःख गरी बसेका थिए । त्यस्तैमा एकदिन बुढालाई सेल खान मन लागेछ र बुढो पिठो पिध्न गएछ बुढी दाउरा खोज्न गइछ । बुढी दाउरा खोज्न गएका ठाउँमा एउटा स्याल आएर बुढीलाई बुढी मेरो बनमा दाउरा किन खाजेको भनेछ । स्यालले हप्काएको देखि बुढीले स्यालराजा हाम्रो बुढोलाई असाध्यै सेल खान मन लागेकोले दाउरा खोज्न आएको हुँ गाली नर्गनुस बरु म सेल खान दिँउला भनीछ र स्याल पनि दाउरा खोज्न लागेछ । दाउराको भारी पुगेपछि बुढीको दाउराको भारी घचेडिदिएछ । बुढी दाउराको भारीबोकी घर लागीन बुढीले स्याललाई पनि सेल खान वोलाइछ । बुढी घर पुगेपछि बुढापनि टुप्लुक्क आइपुगेछ । पिठो ल्यायौ त बुढा भनी सेधीछ, दाउरा ल्यायौं त बुढी भनी बुढाले सोधेछ ल्याएँ , बुढा ल्याएँ भनी बुढीले भनीछ र ल्याएँ बुढी ल्याएँ भनेर बुढाले भनेछ । बुढीले अगेनामा बसेर सेल पकाउन थालीछ,

बुढाले सबै सेल सकाएछ । बुढीको भागमा जम्मा एउटा मात्र सेल रहेछ । बुढीले अघि बनमा दाउरा खोजीदिने स्याललाई सम्झिछ । बुढा ! साँच्ची अघि मलाई एउटा स्यालले सेल पकाउनको लागि दाउरा खोजिदिएको थियो । अब के गर्ने सेल त सबै तिमीले खाइसक्यौं , बाँकी एउटा थियो त्यो पनि मैले खाएँ । त्यसपछि बुढाबुढी स्यालको डरले घ्याम्पो भित्र लुक्न गएछन् । स्याल पनि एकछिनपछि कराउँदै आयो । त्यही बेलामा बुढीलाई पाद्न आएछ र बुढालाई ए बुढा मलाई पाद्न आयो के गर्ने भनीछ । बुढाले विस्तारै पाद् भनेछ तर बुढीले ठूलो स्वरमा ढ्वारर्र पारेर पादीछ । चर्को स्वरमा पाद्दा स्याल तर्सेर भागेछ । उता घ्याम्पो पनि तीन टुक्रा भइ फुटेछ भने बुढो पनि तर्सेर बेहोस भएछ । बुढीले बुढो मर्‍यो भन्ठानेर मलामी बोलाई घाटमा पुर्‍याएछन् । घाटमा पुर्‍याउनासाथ बुढो जुरुक्क उठेछ । अन्य मलामीहरु भूत भनी तर्सेछन र भागेछन् । तर बुढीले भने आफ्नो बुढालाई आफ्नै लागि वाँचेको भन्ने बुझी घर ल्याइछ र फेरी आनन्दले रहन लागेछन् । सुन्नेलाई सुनको माला ..........

(स्रोत : भगवती घिमिरे वर्ष ३६)

**स्यालको कथाको विश्लेषण**

आख्यान तत्वको आधारमा स्यालको कथालाई निम्न अनुसार विश्लेषण गर्न सकिन्छ ।

**कथानक :**

धादिङ्ग जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित यस लोककथामा कुनै गाउँको दुईजना बुढा र बुढी हुन्छन् । ती बुढाबुढीलाई एकदिन सेल खाने रहर हुन्छ । उनीहरु स्यालको बनमा दाउरा खोज्न जाने र पिठो पिँधेर ल्याउने सल्लाह हुन्छ । बुढी दाउरा खोज्न जाँदा स्यालसँग भेट हुन्छ । उसलाई बुढीले सेल दिने शर्तमा दाउरा खोज्न दिन्छ । बुढीले जति सेल पकाएपनि बुढालाई सिध्याउँछ । बुढीलाई एउटा मात्र सेल

बाँकी रहन्छ । बुढीले पनि त्यो सेल खाएरसक्छिन र स्यालको भाग राख्न विर्सन्छन् । स्याल सेल खान आउँदा उनीहरु घ्याम्पाभित्र गएर लुकीराख्छन् । बुढीलाई त्यही बेलामा पाद्न आउँछ । र पाद्दा घ्याम्पो पनि फुट्छ, तर्सेर स्याल भाग्छ भने बुढो बेहोस हुन पुग्छ । घाटमा पुऱ्याएपनि व्युतिएको बुढालाई घरमा ल्याई फेरी रहन थाल्दछन् । कथाको आदि मध्य र अन्त्य सुगठित रहेको देखिन्छ ।

**पात्र :**

यस कथाको प्रमुख पात्रहरु भन्नाले बुढा र बुढी नै देखिन्छ । कथाको शुरुदेखि अन्तसम्म तिनैपात्रहरु रहेका छन् । स्याल पनि असल पात्रको रुपमा रहेको पाइन्छ । उसले बुढीलाई दाउरा खोज्न सहयोग गरि भारी घचेट्न समेत सघाएको पाइन्छ । ऊ आफ्नो शर्तमा अडिक पात्र हो । बुढा लोभी पात्रको रुपमा रहेको छ भने बुढी पनि आफ्नो शर्तमा रहेकी छैन । कथाको अन्त्यमा बुढा र बुढीको प्रेम असाध्यै देखिन्छ किन कि घाटमा पुऱ्याएको बुढालाई पुनः घर फिर्ता गरी बुढीले प्रेम देखाएको छन् ।

**परिवेश :**

यस कथाको परिवेश ग्रामिण समाजको एउटा अङ्गको रुपमा देखिन्छ । जंगलमा गई दाउरा ल्याउनु, घट्ट गई पिठो पिनेर ल्याउनु ग्रामिण परिवेश अन्तर्गतका परिवेश हो । घ्याम्पो भित्र पसेर लुक्नु, स्यालद्दर सम्म आइपुग्नु आदि कारणले गर्दा पनि ग्रामिण परिवेशकै प्रतिनिधित्व गर्दछ ।

**उदेश्य :**

यस कथाको खास उदेश्य मनोरञ्जन प्रदान गर्नु ने रहेतापनि केही शिक्षा पनि दिन खोजेको पार्दछ, स्याललाई बुढीले गरेको वाचा पूरा गर्न नसक्दा जटिल परिस्थिती सिर्जना हुन पुगेको छ । बुढा र बुढीले कार्य शैली बेहोसी तरिकाको

पाइन्छ । बुढीको बेहोसीले बुढा घाटसम्म पुऱ्याएको छ । मानिसले आफ्नो शर्त अनुसारको कार्य गर्नुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ ।

**भाषाशैली**

प्रस्तुत कथामा ग्रामिण भाषाको प्रयोग रहेको पाइन्छ । बुढाले बुढीलाई संवोधन गर्दा होस वा बुढीले बुढालाई संवोधन गर्दा ग्रामिण भाषाको प्रयोग छ । कथाको वर्णनका क्रममा पनि ग्रामिण झर्रा शब्दहरुको प्रयोग पाइन्छ । कथा सरल भाषामा र सम्प्रेषण भाषामा वर्णित छ । कथामा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

**अभिप्राय :**

प्रस्तुत कथामा अभिप्रायहरुको प्रयोग प्रसस्तै पाइन्छ । जंगलमा दाउरा खोज्दा स्यालसँगको संवाद, बुढाबुढी लुक्न जाँदा पाद्न आई बुढीले पाद्दा घ्याम्पो फुटनु, बुढो बेहोस हुनु स्याल सेल खान घरसम्म आउनु आदि अभिप्रायका उदाहरणहरु हुन् । यस्ता अभिप्रायको प्रयोगले कथालाई रोचक र मनोरञ्जनयुक्त तुल्याएको पाइन्छ ।

## ४.१२ टुहुरो केटाको कथा

एकादेशमा एउटाआमा नभएको टुहुरो केटो बस्थ्यो । बुबाले सौतेनी आमा भित्र्याएकोले निकै टाढा एउटा चौतारीमा पुग्यो र घरको पिर र सौतेनी आमाको व्यवहार सम्झी त्यो डाँको छोडेर रुन लाग्यो । उसको त्यो रुवाइ चौतारकिो पीपलले सुनेछ र पीपलले भनेछ । तिमी किन राएको बाबु भनी सोधेछ । केटाले घरको सम्पूर्ण घटना सुनाएछ र मेरो अब यो संसारमा कोही छैन भनेछ । त्यसपछि पीपलले मलाई विहान विहान ढोगी देऊ म तिमीलाई फुरौला दिउँला भनेछ । भोलि पल्ट विहानै त्यस केटाले पीपललाई ढोगीदियो नभन्दै पीपलका हाँगाभरी फुरौला फलेछन् । त्यही खाई केटो आनन्दले रहन थाल्यो । एकदिन त्यही बाटो गरी एउटा राक्षस्नी

बुढी आफ्नो घरतिर जादै थिई । उसले त्यो राम्रो केटोलाई देखी र बाबु मलाई पनि फुरौला टिपीदेउन भन्न थाली । केटाले फुरौला टिपीदियो तर त्यस राक्षस्नी बुढीले केटोलाई नै घरमा लान खोजेकी थिइ त्यसैले उसले केटोलाई सुकेको हाँगामा समाऊ र मक्केको हाँगामा टेकेर टिप बाबु भनी । केटाले त्यसै गऱ्यो तर ऊ रुखबाट खस्यो र राक्षस्नी बुढीको धोक्रामा पऱ्यो । राक्षस्नी बुढीले त्यस केटालाई घरलान लागेकी थिई । उसले बाटोमा राखेर आफू भने केटालाई खान दाँत उद्याउन हिँडी । केटो धोक्राबाट बाहिर निस्केर भाग्यो उसले धोक्रमा भने जंगलका काँडा हालिदिएछ । राक्षस्नीले बोकेर जाँदा काँडाले घोच्दो रहेछ अनी राक्षस्नीले चाँहि अहिले मलाई चिमोट्न भरे तँलाई म कसरी खान्छु भन्दी रहिछ । यसरी जाँदाजाँदा राक्षस्नी घर पुगीछ । उसले धोक्रो खोलेर हेर्दा त जंगलका काँडा मात्र रहेछ । फेरी राक्षस्नी अघिकै पिपलको बोटमा आएर केटालाई बाबु मक्केको हाँगामा टेक सुकेको हाँगामा समाऊ भनीछ । यसरी फुरौला टिप्दा फेरी त्यो केटो राक्षस्नी बुढीको धोक्रामा परेछ । यसपाली बुढीले कही नविसाइकन घरमा लगेर राखिछ । बुढीले आफ्नी छोरीलाई छोरी तँ यस केटालाई हेरेर बस म नुहाएर आउछु र यसलाई काट्छु भनी नुहाउन गइछ । राक्षस्नी नुहाउन गएकी मौका पारेर केटाले आफ्नो लुगा राक्षस्नीको छोरीलाई लाउन लगाई राक्षस्नीको छोरीको लुगा आफुले लगाई धुरीमा गएर बसेछ । बुढीले आएर केटो सम्भी आफ्नै छोरीलाई काटीछ र पकाएर खान छोरीलाई बोलाइछ । केटाले भने राक्षस्नी बुढीले आफ्नै छोरीलाई मारेर खाई भनी धुरीबाट कराएछ । राक्षस्नी बुढीले धुरीमा यसो हेर्छे त केटो आफ्नै छोरीको लुगा लगाइ कराइरहेको देखीछ । त्यसपछि छोरीको पिरले राक्षस्नी केटोलाई मार्न भनी धुरीमा चढिछ तर केटाले छेउमा पुग्दानपुग्दै राक्षस्नी बुढीलाई घचेटेर धुरीबाट खसाली मारेछ र आफू त्यही राक्षस्नी बुढीको घरमा आनन्दले रहन थालेछ । सुन्नेलाई सुनको माला .........

(स्रोत : रविना बजगाई वर्ष १५)

## टुहुरो केटा कथाको विश्लेषण

### कथानक

धादिङ्ग जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित यस लोककथामा देखाएको केटो आमा नभएको टुहुरो छ । ऊ सौतेनी आमा घरमा भित्रीएपछि घर छोडेर हिड्छ । बाटामा पिपलको रुखसँग भेट हुन्छ । पिपलले टुहुरो केटालाई फुरौला दिन्छ त्यही खाएर केटो बाँची रहेको हुन्छ । फुरौला खान आएकी राक्षस्नी बुढीले केटालाई छलपूर्वक घर लान खोज्छे तर पहिलो पटक केटो उम्कन सफद हुन्छ । हाँसो पटक भने बुढीले केटालाई घरसम्म नै पुर्‍याउन सफल हुन्छे राक्षस्नी बुढी केटालाई खान भनी दाँत उदुयाउन जाँदा राक्षस्नीको छोरीको कपडा लगाएर धुरीमा बस्छ । राक्षस्नीले आफ्नै छोरीको हत्या गरी मासु खान पुग्छे । त्यसको बदला लिन धुरीमा चढेको राक्षस्नी बुढीलाई धुरीबाट खसाली मार्न केटो सफल हुन्छ । यिनै कथावस्तुलाई आधार बनाएर कथा बन्न पुगेको छ । कथा आदि मध्य र अन्त्य सुगठित रहेको पाइन्छ ।

**पात्र :**

प्रस्तुत कथामा मूल्य पात्रको रुपमा टुहुरो केटो रहेको पाइन्छ । ऊ आफूलाई विपत परेको वेलामा पिपलको रुसबाट सहयोग प्राप्त गर्न सफल भएको छ । कथाको दुष्ट पात्रको रुपमा राक्षस्नी बसढी रहेको छ । यस कथाको नायकको रुपमा टुहुरो केटा नै रहेको पाइन्छ । ऊ आफ्नो जुक्तिबुद्धिले आपत परेको वेलामा पनि बाँच्न सफल भएको छ । जस्तो राक्षस्नी बुढीको छोरी सहायक पात्रको रुपमा रहेकी छ ।

**परिवेश**

प्रस्तुत कथामा ग्रामिण परिवेशको झलक पाइन्छ । पिपलको रुख भेटिनु, राक्षस्नी बुढी हुनु आदि ग्रामिण परिवेशकै झलक पाइन्छ । बाटोमा काँडाकुडी भेटिनु, धोक्रोमा बोक्नु आदिले ग्रामिण परिवेशकै झलक दिन्छ ।

**उद्देश्य :**

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । तापनि यसले सन्देश दिन खोजेको छ । टुहुरो भएपनि कुनै न कुनै ठाउँबाट सहयोग प्राप्त हुन्छ त्यसको सदुपयोग गर्न जान्नुपर्छ भन्ने पाठको उद्देश्य रहेको छ । आपतमा नआतिकन बुढीले काम गर्नुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ । अर्कालाई दुःख दिन खोज्ने राक्षस्नीले आफ्नै छोरीको हत्या गर्न पुगेको कुरा कथाले देखाउन खोजेको छ । अरुलाई दुःख दिँदा आफ्नै हानी हुने सन्देश दिन खोजिएको छ ।

**भाषा /शैली**

प्रस्तुत कथामा सरल, सरस र सम्प्रेषण भाषाको प्रयोग गरिएको छ । ग्रामिण वाचकले कथा वाचन गरेको हुँदा भाषा प्रष्ट र बुझिने देखिएको छ । कथामा वर्णनात्मक शैली अपनाइएको छ ।

**अभिप्राय**

यस लोककथामा अभिप्रायहरुको प्रयोगले कथालाई रोचक बनाउने काम गरेको छ । विभिन्न अभिप्रायको प्रयोग कथामा भएको पाइन्छ । जस्तै : टुहुरो केटो र पिपलको रुखको वार्ता हुनु, पिपलले फुरौला फलाएर केटोलाई खुवाउनु, राक्षस्नी बुढीले केटालाई घरमा लैजानु, धुरीबाट खसालेर राक्षस्नी बुढीलाई मार्नु आदि अभिप्रायका उदाहरणहरु हुन् ।

## ४. १३ छुचुन्द्रोको विहेको कथा

एकादेशमा दुईवटा राक्षस बस्दथे रे । उनीहरूको घरमा दुईजना नोकर र नोकर्नी पनि थिए । राक्षसहरूले नोकर त पाल्थे तर मन लागेको बेलामा काटेर खाने गर्थे । त्यो घरको एउटा सानो दुलामा छुचुन्द्रो पनि बस्थ्यो । त्यो छुचुन्द्रो भविश्यवाणी गर्न सक्थ्यो । यो कुरा राक्षस र नोकरहरुलाई थाहा थिएन राक्षसहरु बिहान उठेर जंगलमा या अन्तै कतै जान्थे घरमा भने नोकहरु मात्र थिए । नोकरहरु आफ्ना मालिकका असाध्यै बफदार थिए । राक्षसहरु घर नभएको मौकामा एकदिन छुचुन्द्रोले दुलोबाट निस्केर नोकरलाई के भन्यो भने आज राती तिमीहरुका मालिकहरुले तिमीलाई खान्छ त्यसका लागि तिम्रा मालिकहरु अहिले दाँत उद्याउनका लागि नदिमा गएका छन् भनेछ । तर त्यो नोकरले छुचुन्द्रोको कुरामा विश्वास गरेन किनकी ऊ आफ्नो मालिकको बफादार नोकर थियो । नभन्दै नोकरले विचार गऱ्यो । मालिकहरुको दाँत केही तिखो नै थियो । एकान्तमा लगेरु नोकरलाई उनीहरुले भोजन गरे । अब भने राक्षसको घरमा भएकी नोकर्नीलाई भारी पिर पऱ्यो तैपनी छुचुन्द्रोले उसलाई केही दिन तिमीलाई खादैनन् भन्ने भविश्यवाणी गरिदियो । नोकर्नीले छुचुन्द्रोसँग राक्षसको घरबाट भाग्ने योजना बनाउन लगाई । उसले छुचुन्द्रोसँग भागेर विहे गरी बस्ने बाचा गरी । त्यसपछि छुचुन्द्रोले आफु र नोकर्नी भाग्न सक्ने दुलो बनायो तैपनि नोकर्नीलाई दुईचार दिन नखाने राक्षसहरुको विचारलाई छुचुन्द्राले बुझेको थियो । त्यसैले उसले राक्षसका घरमा भएका राम्रा राम्रा गहनाहरु झिकेर लुकाउन नोकर्नीलाई अह्रायो र सुरक्षित बसोबासको व्यवस्था मिलायो । एकदिन राक्षसहरुले नोकर्नीलाई खाने बैठक बसाले । त्यो बैठक उनीहरुले अति नै गोप्य तरिकाले गरेका थिए तर छुचुन्द्राले भने भविश्यवाणीद्धरा त्यो कुरा थाहा पायो त्यसपछि नोकर्नी  र छुचुन्द्रो दुलाको बाटो हुँदै राक्षसको घरबाट सुरक्षित ठाउँमा बसाई सरे । बेलुका पख राक्षसहरु आउँदा घर रित्तै थियो । नोकर्नीले घर

छोडिसकेकी थिई । महँगा गहना केही थिएन । राक्षसहरु आफ्नो योजना असफल भएकोमा दु : खी थिए । राक्षसहरु आफ्नो असफल भएकोमा दुःखी थिए भने छुचुन्द्रो र नोकर्नी विहे गरेर सुखी थिए । सुन्नेलाई सुनको माला ............

(स्रोत : चिरञ्जिवी पाण्डे वर्ष ३५)

**छुचुन्द्रोको विहेको विश्लेषण**

**कथानक :**

धादिङ्ग जिल्ला क्षेत्र नं. ३ मा प्रचलित यस लोककथामा राक्षसहरु दुईजना हुन्छन् । उनीहरुको घरमा काम गर्ने दुईजना नोकर र नोकर्नी हुन्छन् । सानो दुलामा छुचुन्द्रो बस्दछ । ऊ भविश्यवाणीको वेवास्त ागर्ने नोकरहरुको त्यस्तो अवस्था भएपछि वाँकी रहेकी एउटी नोकर्नीले छुचुन्द्रोको भविश्यवाणी र सहयोगद्धारा आफ्नो ज्यान बचाउन सफल हुन्छे । छुचुन्द्रोले त्यस नोकर्नीसँग विहे गरेर सफल जीवनको शुरुवात गर्दछन् । राक्षसहरु भने आफ्नो घरको नोकर्नी हराएकोमा अचम्मा पर्दछन् । छुचुन्द्रो र नोकर्नीको विषयमा उनीहरुलाई केही थाहा हुदैन । उनीहरु विहे गर्नका लागि घरभित्रबाट छुचुन्द्रो र नाकर्नी मिलेर खनेको दुलोबाट बाहिर हुँदै अन्यन्त्रै सुरक्षित ठाउँमा पुग्दछन् । कथाको आदि, मध्य र अन्त्य सुगठित रहेको पाइन्छ ।

**पात्र :**

यस कथाको प्रमुख पात्रको रुपमा छुचुन्द्रो रहेको छ । छुचुन्द्रोको चलाखीपनले गर्दा दुईटै नोकरहरुको ज्यान बच्थ्यो । तर उसको कुरामा विश्वास नगर्नाले एउटा नोकरको मृत्यु हुन पुग्यो । राक्षसले नोकरहरु मार्ने कुराको भविश्यवाणी समेत छुचुन्द्राले गरिदिन सक्थ्यो । त्यसकारण ऊ यस कथाको नायक पनि हो । राक्षसहरु कथाका खराब पात्रहरु हुन् । नोकरहरु सहायक पात्रको रुपमा रहेपनि नोकर्नीको मात्र कथामा भूमिका देखिन्छ ।

**परिवेश**

प्रस्तुत कथामा कुनै ओजरको वा राक्षस बस्तीको घटनालाई प्रतिनिधित्व गर्दछ । राक्षसहरु जंगलसम्म जानु कुनै ठाउँमा बसी बैठक गर्नुले ग्रामिण परिवेशकै झलक पाइन्छ ।

**उद्देश्य :**

यस कथाको उद्देश्य मनोरञ्जन लगायत शिक्षा प्रदान गर्नु पनि रहेको पाइन्छ । छुचुन्द्रो  भनी हेला गरेको प्राणीले पनि मानवलाई सेवा पु¥याउन सक्छ । उस भित्रपनि मानवताको भाव हुनसक्छ भन्ने सन्देश दिन खोजेको पाइन्छ । खराब साथीलाईसँगै लिएर व्यवहार गर्दा कुनै दिन धोका हुन्छ भन्ने सन्देश पनि दिन खोजिएको छ । समान विचार भयो भने मानव र मानवेन्तर प्राणी वीच विवाह सम्मान पनि देखाएको छ । समग्रमा जे जस्ता घट्ना वीच समन्वय देखाइएतापनि यस कथाको मूल्य उद्देश्य मनोरञ्जन नै रहेको पाइन्छ । कथा भएकाले जस्तोसुकै सरल व्यक्तिले पनि कथा बुझ्न सक्छन् । कथामा सरल शब्दहरुको प्रयोग भएको पाइन्छ । वाक्य संरचना बोधगम्य रहेको पाइन्छ । कथामा वर्णनात्मक शैली अपनाइएको पाइन्छ ।

अभिप्रायः कथामा प्रसस्तै अभिप्रायहरुको प्रयोग भएको हुँदा कथा रोचक भएको पाइन्छ । प्रस्तुत छुचुन्द्रोको विहे कथाको कथा शीर्षक आफैंमा अभिप्राययुक्त रहेको पाइन्छ । राक्षसहरुको वस्तीमा मानिस नोकर रहनु, छुचुन्द्रोको विहे मानिससँग हुनु, छुचुन्द्राले भविश्यवाणी गर्नुजस्ता अभिप्रायले लोककथालाई रोचक बनाएको पाइन्छ ।

**४.१४ बाघको खेतीको कथा**

एकादेशको जंगलमा बाघ बस्थ्यो । उसले खेतीपनि गर्ने गरेको रहेछ । त्यसका लागि थुप्रै भैसीहरु समेत पालेको रहेछ । बाघले भैसी दोहेर ठूलो खड्कलोमा दुध

तताउँदो रहेछ र त्यो दुधलाई हात खुट्टा, मुख र पुच्छर गरी चार भाग लगाउँदो रहेछ । अनि हात, खुट्टा र मुखको भाग खाएर ऊ गोठालो जाँदो रहेछ र पुच्छरको भाग चाहीँ खाजाको लागि राख्दो रहेछ । गोठालोबाट आएपनि पुच्छरको भाग खाँदो रहेछ यस्तै गरी जीवन चलाइरहेको रहेछ ।

एकदिन एउटा गाउँको गरिब मान्छे जंगलको बाटो गरी शहरतिर काम खोज्न हिडेछ । जाँदा-जाँदा ठूलो जंगलमा पुग्दा रात परेछ र त्यही जंगलको ठूलो रुखमा ऊ बास बसेछ । जँहा बाघले भैसीपाली बस्दो रहेछ । त्यो मान्छेले बाघको चालचलन विचार गर्दो रहेछ । बाघले सदाभ्कै भैसी दोहेर तताई पुच्छरको भाग बाहेक अरु दुध खाएर गोठालो गएछ । त्यो मान्छेले मनमनै विचार गरी बाघको पच्छरको भाग दुध खाएर एक दुई दिन यतै बस्छु भन्ने सोची पुच्छरको भाग दुध खाएछ र रुखमा चढी बस्दो रहेछ । यस्तै गरी आठदशदिन वितेछ । बाघलाई अचम्म लाग्दै आएछ की पुच्छरको भाग दुध के ले खायो ? उसले धेरै विचार गर्दापनि पत्तो पाउन सकेनछ र पक्का पनि यही आफ्नै पुच्छरले उसको लागि छुट्याएको भाग खाएछ भन्ने ठानी तातो उमालेको दुधमा पुच्छरलाई चोप्न थालेछ । पुच्छर चोप्दा आफैलाई पोलेपनि आत्था-आत्था भन्दै अभ्कै चोप्दो रहेछ । त्यो अनौठो काम देखि रुखमा बसेको मान्छे हाँसो थाम्न नसकि बेसरी हाँस्न थालेछ । त्यो हाँसो सुनीको हाँस्छ भनी बाघ यताउता हेर्न थालेछ । यसो गर्दा ऊ खड्कलोको दुधमा परी मरेछ । बाघको मृत्युपछि उसका सारा भैसी लगायत खेतीपाती त्यही मान्छेले सम्हालेर आनन्द साथ बस्न थालेछ ।

सुन्नेलाई .........                                    (स्रोत : अरुण घिमिरे उमेर १३ वर्ष)

## बाघको खेती कथाको विश्लेषण

### कथानक

प्रस्तुत लोककथा धादिङ्ग जिल्ला क्षेत्र नं. ३ मा प्रचलित र प्रख्यात लोककथा हो । यस कथामा एउटा बाघले भैसी पालन गरी दुध दोहेर तलाई हात, खुट्टा, मुख र पुच्छर गरी चार भाग लगाउँछ । पुच्छरको भाग बाहेक तीन भाग दुध खाई भैसी गोठालो लाग्थ्यो । एउटा गाउँको गरीब मान्छेले स्यालको पुच्छरको भाग दुध खाई रुखमा चढेर बाघको चर्तीकला हेर्थ्यो । आफ्नो पुच्छरको भाग दुध आफ्नै पुच्छरले खायो होला भन्ठानेर पुच्छरलाई ऐया र आत्था भनी आफ्नै पुच्छरलाई तातो दुधमा चोपल्थ्यो । रुखमा चढेको मान्छेले बाघको चर्तिकला हेरेर हाँसो उठ्छ । को हास्यो भनी माथितिर फर्केर हेर्दा तातो दुधको कुँडेमा परी बाघ कर्छ । गरीब मान्छेले बाघको सारा भैसी आफैले हेर्न थाल्छ । यस्तो विषयवस्तु समावेश गरी कथा निर्माण भएको छ । कथा आदि मध्य र अन्त्य मिलेको छ ।

### पात्र

प्रस्तुत कथामा बाघ प्रमुख पात्रको रुपमा रहेको छ । उसले खेती गरेर भैसीपालन गरेको छ । भैसीहरु सहायक पात्रको रुपमा छन् । गरीब मानिस पनि सहायक पात्र हो । बाघ प्रमुख पात्र भएपनि चलाख पात्र भने होइन ? ऊ सोझो पात्रको रुपमा रहेको पाइन्छ । उसले बाघको क्रियाकलाप रुखमा बसी अवलोकन गरी अन्त्यमा बाघ मरीसकेपछि सम्पूर्ण जिम्मेवारी आफैले लिई भैसी पालन गर्दछ ।

### परिवेश :

यस लोककथामा ग्रमिण परिवेशको प्रष्ट झलक पाइन्छ । लोककथामा ग्रामिणभेगको कुनै जंगलको घट्नालाई कथामा प्रस्तुत गरिएको छ । जंगलमा भैसी पालन गर्नु, भैसी चराउनु, दुध दुहुनु, तताउनु जस्ता कार्यले ग्रामिण परिवेशको

चित्रण गर्दछ । गाउँले गरीब मानिस दुध चोरेर खान्छ र पछि सारा भैसी उसैले पाल्छ । त्यसैले कथा ग्रामिण परिवेशको छ ।

**परिवेश** :

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु नै हो । यस लोककथाले कुनै काम गर्नु भन्दा पहिले यथेष्ट विचार गरेर मात्र कार्य अगाडी बढाउनुपर्ने हुन्छ । होइन भने बाघले कुनै विचार नगरी आफ्नो पुच्छरलाई नै दोषी ठानी तातो दुधमा चोपप्दा आफैलाई जस्तै हुन्छ र अन्तिममा ज्यानै जान पनि सक्छ । त्यसैले विचार गरी अघि बढ्ने सन्देश दिन्छ । परापुर्व कालमा पनि अरु जनावार भन्दा मानिस धेरै बुद्धिमानी र चलाखी हुन्थ्यो भन्ने प्रमाण यस कथाले दिएको छ ।

**भाषाशैली**

यस बाघको खेती कथामा असाध्यै सरल, सरस र सम्प्रेषण भाषाको प्रयोग भएको छ । यस लोककथाका वाचक गाउँले अशिक्षित भएको कारणले गर्दा पनि यस लोककथाका भाषा सरल बन्न पुगेको हो । लोककथामा वर्णनात्मक शैली अपनाइएको छ । कथाको शुरु, वीच र अत्न्य असाध्यै तालमेल मिलेको पाइन्छ ।

**अभिप्राय**

अभिप्रायको प्रयोगले कथालाई अत्यन्तै रोचक बनाइएको छ । अभिप्रायको प्रयोगले लोककथाको वाचनमा निकै आकर्षणको प्रयोग छ । लोककथाको शीर्षक नै अभिप्राययुक्त छ । लोककथामा थुप्रै अभिप्रायहरु रहेका छन् । जस्तै :बाघले भैसी पाल्नु, दुध दुहुनु, भैसी चराउनु आदि अभिप्रायका उदाहरण हुन् ।

## ४. १५ चतुर भालेको कथा

एकादेशमा एकजना बुढी मान्छे थिइन । उनको सम्पत्ति केही थिएन । सम्पत्तिको नाउँमा एउटा कुखुराको फुल मात्र थियो । त्यसलाई उसले ढुकुटीमा बन्द

गरेर राखेकी थिई । एकदिन त्यो फुलबाट कुखुराको भाले निस्केर कुखुरी काँ भन्न थाल्यो । बुढीलाई एक्कासी घरभित्रबाट भाले कराएको सुन्दा अचम्म लाग्यो । ऊ हतारहतार कान्लामा ठडाई राखेको लौरो समातेर टेकी भित्र गई । भालेले बुढीलाई आमा भनी बोलायो । बुढीले ठानिन् , यो चानचुने भने होइन । यो मेरो बुढेसकालको सहारा बन्न सक्छ भनी राम्रोसँग हुर्काइ । जब भाले जवान भयो उसले बुढी आमासँग ५ पैसा मागी म अब मट्टितेल लिन बजार जान्छु तपाई घरमा भएका भाँडा खाली गर्नुहोस भने छ  त्यसको कुरा बुढीलाई पत्याएर लागेन । भाले ५ पैसा बोकी त्याहाँबाट पसलतर्फ लाग्यो । उसले पसलेसँग गइ साहुजी मलाई ५ पैसाको मट्टितेल दिनु भनी भागेछ । पसलेले ५ पैसाको कति नै आउँछ र भनेछ । भालेले मेरो कानमा जति अटाउँछ त्यति नै दिए हुन्छ भनेछ । पसलेले पनि यो जावो भालेको कानमा कति नै मट्टितेल अटाउँला र भनी कानमा मट्टितेल हालिदिएछ तर जति हालेपनि कानमा मट्टितेल कहिल्यै भरिएनछ । यो देखेर पसलेले बरु तेरो ५ पैसा लैजा मेरो मट्टितेल फिर्ता गरिदे भनेछ । भालेले पनि ५ पैसा लियो र मट्टितेल केही खन्याएर हिडेछ । घरमा आएर बुढीलाई आमा ! मैले मट्टितेल सित्तैमा ल्याएरको छु भाँडो थाप्नु भनेछ । फेरी ५ पैसा लिएर त्यो भाले तेल लिन गएछ त्यसैगरी तेल ल्याएछ । यसैगरी भालेले सारा सामान ल्याई घर भरिदिएछ ।

त्यसै देशका राजाले आफ्नी छोरी विहे गर्न झ्याली पिटाएछ । त्यो कस्तो झ्याली थियो भने जसको घरमा जीनवभर खानपुग्ने सामान छ । उसैलाई छोरी विहे गरिदिनेछु । त्यो कुरा भालेले पनि थाहा पाएछ ऊ राजाको छोरीसँग विहे गरी राजाको दरबारतिर लागेछ । बाटोमा उसले डोरी भेटेछ । डोरीले भालेलाई कहाँ जान लागेको भनी सोधेछ । भालेले म राजाको छोरीसँग विहे गर्न जान लागेको भनेछ । डोरीले म पनि तिमीसँगै जान्छु भनेर पछि लागेछ । त्यसपछि भालेले पानीसँग भेट्यो । पानीले पनि भालेसँगै जाने विचार गरी पछि लाग्यो । त्यसपछि भालेको भेट

आगोसँग भयो ऊ पनि भालेको विहेको लागि पछि लागी गयो । जाँदा जाँदा राजाको दरबारको गेटमा पुगेछ । पालेले भालेलाई भित्र जान दिएनछ । भालेको पालो डोरीलाई जा डोरी जा भनी आदेश दिएछ । डोरीले पालेलाई बाँधीदिएछ र भाले भित्र गएछ । भित्र राजाले तँ के गर्न आएको भनी भालेलाई सोधेछ । भालेले म तपाईको छोरीसँग विहे गर्न आएको भनेछ तब राजाले तँ जस्तो भालेले मेरो छोरी ताक्ने भनी आफ्नो सैनिक लगाएर भालेलाई बाहिर निकाल्न खाजेछ त्यसपछि भालेले आगोलाई जा आगो जा भनी आदेश दिएछ । आगोको पालो दरबारको चौतिर फैलिएर बल्न थालेछ । राजाले डराई भालेलाई म छोरी दिन्छु तर आगो निभाइदेउ भनेछ । भालेले पानीलाई जा पानी जा भनी आदेश दिएछ र पानीले आगो निभाइदिएछ । त्यसपछि राजाले आफ्नी छोरीको विहे गर्न जीवनभर खान पुग्ने सामान छ कि छैन भनेर भालेको घरमा हेर्न गएछ । थालेको घरको सामान देखेर राजा दङ्ग पर्दै आफ्नो छोरी भालेसँग विहे गरिदिएछन् । भालेपनि राजाको ज्वाँई भई आनन्दले रहन थाल्यो । सुन्नेलाई सुनको माला ........... (स्रोत : सविन बजगाई उमेर १३ वर्ष)

## चतुर भाले कथाको विश्लेषण

### १. कथानक

प्रस्तुत 'चतुर भाले' कथा धादिङ्ग जिल्ला जीवनपुर गा.वि.स. मा प्रचलित लोककथा हो । यो कथामा एउटी केही नभएकी असहाय बुढीको घरमा रहेको कुखुराको फुलबाट उत्पन्न भएको भालेले त्यसै देशको राजाको छोरीसँग विवाह गरेको घट्ना प्रस्तुत गरिएको छ । यस लोककथाको शुरुदेखि नै एउटा भाले निकै चतुर देखिने गर्दछ । ऊ यस कथाको नायक रहेको देखिएको छ । उसले व्यापारी देखि राजा सम्मका व्यक्तिहरुलाई आफ्नो चमत्कार देखाई मन जिती आफू सम्पन्न भएको छ । एउटा कुखुराको भालेले बुढीको छोरी बनी बुढेसकालको सहारा बन्न खोज्नुले असल सन्तानको भूमिका निर्वाह गर्न सफल भएको छ । दैनिक उपभोगका

सामान घरमा ल्याएर थुप्याउनु थाले असल घरमूलीको परिचायक हो । यस कथाको प्रारम्भिक भाग भन्नाले भाले पसलेको पसलमा पुगी सामान बोकी घर लैजानु हो भन्ने राजाको छोरीसँग विहे गरेर घरमा लैजानु कथाको चरमोत्कर्ष भाग हो । राजाको छोरीलाई घरमा लिई आनन्दले रहनु कथाको उपसंहार हो । यस कथाको आदि, मध्य र अन्त्य सुगठित र पुष्ट रहेको छ ।

## २. पात्र

यस कथामा थुप्रै पात्रहरुको प्रयोग गरिएको छ । प्रमुख पात्रको रुपमा कुखुराको भाले रहेको छ । भालेले चतुरो पात्रको रुपमा रहेको छ । ऊ यस लोककथाको नायक पनि हो । उसले गरेका चमत्कारिक कामहरुको वर्णन कथामा रहेको पाइन्छ । सहायक पात्रहरुको रुपमा बुढी आमा, पसलेहरु, राजाको छोरी, राजा, आगो, पानी, डोरी आदि रहेका छन् । भालेले गरीब परिवारमा जन्मलिएपनि राजाको छोरीसँग विहे गर्न सक्नु उसको नायकीपन हो । पात्रहरु आगो, पानी, डोरीले पनि नायक भालेको कामलाई उल्लेखनीय रुपमा सहयोग गरेको छ ।

## ३. परिवेश :

प्रस्तुत लोककथामा लौकिक परिवेश अन्तर्गत नै रही वर्णन गरिएको छ । ग्रामिण परिवेश देखि शहरीया परिवेश सम्मको वर्णन छ । ग्रामिण परिवेश भन्नाले बुढी आमा घर रहेको छ भने शहरीया परिवेश अन्तर्गत राजाको दरबार, पसलेहरु रहेको पाइन्छ । कथामा उच्च वर्ग र निम्न वर्गको चित्रण गरिएको छ । उच्च र निम्न वर्गको बीचमा सम्बन्ध गाँसिएको घट्ना कथामा छ ।

## ४. उद्देश्य :

यस लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु नै रहेको छ । यस कथाको अर्को उद्दैश्य जस्तोसुकै जटिल परिस्थितिमा पनि बुद्धि र विवेकले काम गर्नु पर्दछ । व्यक्तिले जीवनमा केही गर्ने उद्देश्य राखी अघि बढ्यो भने अवश्य नै सफल हुन्छ भन्ने सन्देश कथाले दिन खोजेको छ । यस लोककथाको भालेले बुदिमान , चलाख र व्यवहार कुशलता देखाउने प्रेरणा दिएको छ ।

**भाषा**

यस लोककथामा प्रस्तुत गरिएको भाषा सरस, सरल र सम्प्रेषण रहेको छ । लोककथाको वाचक अशिक्षित ग्रामवासी भएकोले पनि सरल, सहज र साधारण भाषाको प्रयोग गरिएको छ । लोककथामा शब्दहरु सरल रुपमा प्रयोग भएको पाइन्छ ।

**शैली**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । कथाको आदि, मध्य र अन्त्य बीच निकै तादम्यता पाइन्छ ।

**अभिप्राय**

प्रस्तुत 'चतुर भाले' लोककथामा प्रसस्तै अभिप्रायहरुको प्रयोग भएको पाइन्छ । जस्तै : ढुकुटीमा राखेको कुखुराको फुलबाट भाले निस्कनु, भालेले बुढी आमाको लागि बजारबाट मट्टतेल, तेल, लगायत सामान किनेर ल्याइदिनु, भालेको कानमा जति सामान भरे पनि कान नभरिनु, आगो, पानी, डोरी आदि बस्तुहरुले भालेलाई र सहयोग गर्नु, भालेले राजाको दरबारमा आगो, पानी र डोरीका सहायताले चमत्कार देखाई राजालाई छोरीदिन बाध्य बनाइनु आदि अभिप्रायको प्रयोग गरिएको छ ।

## ४.११ सारांश

प्रस्तुत शोधपत्रको अध्ययनमा धादिङ्ग जिल्लाकोक्षेत्र नं. ३ मा प्रचलित लोककथाहरूलाई समेट्ने प्रयास गरिएको भए तापनि विशेषतः यहाँको धुनिवेशी क्षेत्रलाई आधार बनाई कथा सङ्लन गरिएको छ । नेपाली लोककथाको व्यवस्थित अध्ययन भइ नसकेको अवस्थामा यस अध्ययनमा पनि थुप्रै समस्याहरु देखिएका छन तापनि यहाँ विविध लोककथाको सङरकलन र विश्लेषण गर्ने प्रयास भएको छ जसले भावि अध्ययनमा आधार सामग्रीको रूपमा काम गर्न सक्छन् ।

ग्रामिण समाजले भरिपूर्ण हाम्रो देशभरि परम्परामा हुँदैन मौलाउँदै वीवित रहेका लोककथाका धादिङ्ग क्षेत्र नं. ३ को परिवेशमा पनि विविध तह र क्षेत्रमा जनजिब्रोमा झुण्डिएको पाइन्छ । यस क्षेत्रको लोककथाको सम्पूर्ण रूपमा सङ्कलन गर्न सकिएमा यसले सिङ्गो लोकसाहित्यलाई एक खुड्किलो माथि पुऱ्याउन सक्ने समेत विश्वास गर्न सकिन्छ ।

### निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने धादिङ जिल्लाको क्षेत्र नं. ३ मा प्रचलित लोककथाहरूमा त्यहाँको स्थानीय लोकधारणा, सामाजिक, सांस्कृतिक परिवेश, आर्थिक अवस्था, धार्मिक विश्वास, शैक्षिक गतिविधि, भाषिक अवस्था, प्राकृतिक दृश्यावलीको यथार्थ चित्रण पाइन्छ । यस जिल्लाको क्षेत्र नं. ३ का लोककथाहरूमा विषयमा विविधता साहित्यिक विशेषता लगायत माधुर्य र विभिन्न ढाँचा स्थानीय जनजीवनमा व्याप्त छन् । लोकजीवनले संरक्षण गर्दै नयाँ-नयाँ स्वाद लिँदै आएका छन् । यहाँ संकलित लोककथाहरू वर्गीकरणका क्रममा मनोरञ्जनात्मक लोककथाहरू बढी देखिएका छन् भने अन्य कथाहरू केही कम देखिएका छन् । त्यस्तै यहाँका कथाहरू प्रायजसो मनोरञ्जन र नीति शिक्षा दिने उद्देश्यले नै भन्दै सुन्दै आएका  छन् ।

यस सङ्कलनमा सङ्कलित लोककथाहरु भाषागत रूपमा सरल, रोचक, सम्प्रेषण र आख्यानगत रूपमा पुष्ट र पूर्ण रहेको छ । आधुनिक शिक्षा र मनोरञ्जनपूर्ण सञ्चारका साधनहरूको विस्तार र विकासको कारणले हाल लोककथाहरू सुन्ने र सुनाउने प्रचलनमा निकै कमि आएको महसुस गर्न सकिन्छ । यदि लोककथाको संरक्षण गरी यसलाई लोप हुन नदिने हो भने हामी जस्तै व्यक्तिगत र सामुहि रूपमा सबै क्षेत्रबाट लोककथाको सङ्कलन खाज र अनुसन्धान गर्ने काममा ध्यान जानुपर्ने महसुस गर्न सकिन्छ ।

# परिच्छेद - पाँच

## उपसंहार

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने वाग्मती अञ्चल आठ जिल्ला मध्ये धादिङ जिल्ला पनि एक हो । यो जिल्लाको क्षेत्र नं. ३ धरातलीय स्वरूपलाई हेर्दा पूर्वमा काठमाडौं जिल्लाको नागङ्गा भीम ढुङ्गासम्म फैलिएको र पश्चिममा हेर्दा चितवन जिल्लालाई समेत छोएको पाइन्छ र दक्षिणमा मकवानपुर र उत्तरमा नुवाकोट जिल्लालाई समेत छोएको छ । यस क्षेत्रमा धार्मिक, सामाजिक, सांस्कृतिक आदि मान्यता पनि परम्परागत रूपमा चल्दै आएका छन् । धादिङ जिल्लामा लोककथाको सिर्जना गर्ने क्रम रहेको पाइन्छ र प्रस्तुत अध्ययनमा लोककथाहरूलाई संकलन, वर्गीकरण र विश्लेषण गरी प्रस्तुत शोधपत्र तयार गरिएको  हो ।

धादिङ जिल्लाको क्षेत्र नं. ३ का लोककथामा जनताका सुख दुःख सञ्चित हुनाका साथै समसमयिक झलक पाइन्छ । यी लोककथाहरू एक पुस्ताबाट अर्को पुस्तामा, एक व्यक्तिबाट अर्को व्यक्तिमा सधैँ जीवित र विकसित हुँदै आएका छन् । सामाजिक, सांस्कृतिक जीवनका विविध घट्ना, प्रसङ्ग क्रियाकलाप र जीविकोपार्जन सम्बन्धी पेसाका परम्परा, पौराणिक मान्यता आदि लोककथामा अभिव्यक्त भएका छन् ।

धादिङ जिल्ला क्षेत्र नं. ३ का प्रचलित लोककथाहरू मेलापात, घाँसदाउराको फुर्सद मिल्दा खासगरी बेलुका सुनाउने गरिन्छ । कतिपय लोककथामा करूण, हास्य आदि कुरा प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा धादिङको क्षेत्र नं. ३ मा प्रचलित लोककथालाई समेट्ने काम गरिएतापनि विशिष्टीकृत अध्ययनको आवश्यकता महसुस गर्न सकिन्छ । नेपाली लोककथाको अध्ययन गर्न कतिपय समस्याहरू रहेका छन् । ती समस्या हुँदाहुँदै पनि लोककथाको अध्ययन गरिएको छ । भावी अध्ययनमा तिनले आधार सामग्रीको काम गर्छन् ।

## सन्दर्भ ग्रन्थसूची


१. अधिकारी, वोधविक्रम (१९९६) **नेपाली दन्त्यकथा संग्रह**, काठमाडौंः रत्नपुस्तक भण्डार ।

२. उपाध्याय, कृष्णदेव (१९१०) **लोक साहित्यका भूमिका**, इलाहाबाद : साहित्य भवन ।

३. गिरी जीवेन्द्रदेव (२०५७) **लोक साहित्यको अवलोकन**, काठमाडौं : एकता प्रकाशन ।

४. त्रिपाठी, वासुदेव (२०२८) **विचरण**, काठमाडौं : भानु प्रकाशन ।

५. थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१) **नेपाली लोक साहित्यको विवेचना**, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र त्रि.वि. ।

६. दिवस, तुलसी (२०३२) **नेपाली लोककथा**, काठमाडौं : ने.रा.प्र.प्र. ।

७. पराजुली, मोतीलाल (२०५४) **नेपाली लोककथा अभिप्रायको अध्ययन** शोधप्रबन्ध विद्यावारिधि त्रि.वि.वि. ।

८. बन्धु, चूडामणि (२०५८) **नेपाली लोक साहित्य**, काठमाडौं : एकता बुक्स ड्रिष्ट्व्युटर्स प्रा.लि)

९. **वृहत् नेपाली शब्दकोश** (२०४०), काठमाडौं ने.रा.प्र.प्र. ।

१०. शर्मा मोहनराज र खगेन्द्र लुईटेल (२०६२) **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

११. शर्मा, मोहनराज (२०५०) **कथाको विकास प्रक्रिया**, (दो. सं.) काठमाडौं साझा प्रकाशन ।

१२. सिजापति, ललितजङ्ग (२०२४) **नेपालका लोककथा,** ललितपुर : जगदम्बा प्रकाशन ।

## परिशिष्ट-१

### संकलित लोककथाका सूचनाहरूको परिचय

| क्र.सं. | लोककथाको शीर्षक | सूचनाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | लट्टे दमाई र कामी | महालक्ष्मी सुवेदी | जीवनपुर गा.वि.स. ५ |
| २. | दुष्ट रानीहरूको कथा | मुना सुवेदी | जीवनपुर गा.वि.स. ५ |
| ३. | एक बित्ते भाइ र दुई बित्ते दाइ | महालक्ष्मी सुवेदी | जीवनपुर गा.वि.स. ५ |
| ४. | दिदीबहिनीको कथा | विष्णुबहादुर रेग्मी | जीवनपुर गा.वि.स. ५ |
| ५. | गुनले गुन खान्छ | अर्जुन घिमिरे | जीवनपुर गा.वि.स. ६ |
| ६. | एक सन्त राजा र ठगको कथा | मुना सुवेदी | जीवनपुर गा.वि.स. ५ |
| ७. | ठग रामसिंहको कथा | सुनिता उप्रेती | जीवनपुर गा.वि.स. ५ |
| ८. | राजकुमार र राक्षसको कथा | भगवती बजगाई | जीवनपुर गा.वि.स. ६ |
| ९. | फर्सीको कथा | गीता पौडेल | जीवनपुर गा.वि.स. ५ |
| १०. | बाँदर मरेको कथा | सविन बजगाई | जीवनपुर गा.वि.स. ६ |
| ११. | स्यालको कथा | भगवती घिमिरे | जीवनपुर गा.वि.स. ६ |
| १२. | टुहुरो केटो | रविना बजगाई | जीवनपुर गा.वि.स. ६ |
| १३ | छुचुन्द्राको बिहे | चिरञ्वी पाण्डे | जीवनपुर गा.वि.स. ६ |
| १४. | बाघको खेती | अरुण घिमिरे | जीवनपुर गा.वि.स. ६ |
| १५. | चतुर भाले | सविन बजगाई | जीवनपुर गा.वि.स. ६ |